
# मर्कुसको शुसमाचार अनुसार येशूको जीवन



# मर्कुसको शुसमाचार अनुसार येशूको जीवन

by
Harold A. Essmann

Multi-Language Productions
Bringing the Word to the World

The original text produced by Multi-Language Productions
of the Wisconsin Evangelical Lutheran Synod.

First printing in 2007
Revised printing in 2010

All color and black and white illustrations are the work of Glenn Myers.
Rights to Glenn Myers illustrations reserved by Northwestern Publishing House.



# *येशूको बारेमा असल सु-समाचार

पवित्र बाइबलले हामीलाई परमेश्वरको बारेमा बताउँदछ । बाइबल धेरै पुस्तकहरु समावेश भएको एक ग्रन्थ हो । बाइबलमा चारवटा पुस्तकहरुले हामीलाई येशूको जीवनको बारेमा बताउँदछ । ती पुस्तकहरु मत्ती, मर्कूस,लूका र यूहन्ना हुन् । यी पुस्तकहरुले हामीलाई येशूको बारेमा असल समाचार बताउँदछ । जसलाई सुसमाचार भनिन्छ । सुसमाचारको अर्थ असल समाचार हो । मर्कूसले सुसमाचारको एउटा पुस्तक लेखे । उ पत्रुसको मित्र थियो । पत्रुस येशू संगै रहन्थे । पत्रुसलाई येशूले के भन्नुभयो थाहा थियो । येशूले जे गर्नुभयो पत्रुसले देखेको थियो । पत्रुसले येशूको बारेमा मर्कूसलाई भन्यो । मर्कूसले हाम्रो लागि येशूको बारेमा असल समाचार लेख्यो । असल समाचार यो हो कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ । येशूले परमेश्वरको पुत्रको हैसियतमा धेरै कुराहरु गर्नुभयो । येशूले हाम्रो लागि जे गर्नुभयो र भन्नुभयो सुसमाचारले हामीलाई बताउँदछ । यसले हामीलाई बताउँदछ कि येशूले हाम्रा पापहरुको क्षमा गर्नुहुन्छ । यसले हामीलाई बताउँदछ कि हामी जो बिरामी छौ येशूले हामीलाई निको पार्नुहुन्छ । यसले हामीलाई बताउँदछ कि कसरी येशू हाम्रा पापहरुको लागि मर्नुभयो । हामी यी कुराहरु गर्न सक्दैनौ । हामी दुर्वल छौ ।

येशूले हामीलाई स्वर्गको बारेमा भन्नुभयो । हामी कसरी स्वर्ग जान सक्छौ उहाँले हामीलाई भन्नुभयो । हामी पाप गर्दछौं । अरु मानिसहरुले हाम्रो विरुद्धमा पाप गर्दछन् । येशू परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँले हाम्रा पापहरुको क्षमा गर्नुहुन्छ । जब हामीलाई सहायता चाहिन्छ, उहाँले हामीलाई सहायता गर्नसक्नुहुन्छ । उहाँले हाम्रो बिसन्चोमा हामीलाई सहायता गर्नुहुन्छ । उहाँले अरुलाई क्षमा गर्न हामीलाई सिकाउनुहुन्छ । उहाँले अरुलाई सहायता गर्न हामीलाई सिकाउनुहुन्छ ।


हामी येशूको बारेमा अझै जान्न चाहन्छौ । मर्कूसले हामीलाई अझै परमेश्वरको पुत्रको बारेमा बताउँदछन् । यस पुस्तकको यस पाठमा हामीले येशूले के गर्नुभयो भन्ने सिक्यौ । हामीले येशूले के गर्नुभयो, सिक्यौ । हामीले सबै असल समाचारहरु सिक्यौ । हामीले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने बारेमा सिक्यौ ।

**प्रश्नको उत्तर लेख्नुहोस ।**

१. ................ ले हामीलाई परमेश्वरको बारेमा बताउँछ ।
२. सुसमाचार को अर्थ ................ हो ।
३. ................ मर्कूसको मित्र थियो ।
४. पत्रुसले ............ लाई येशूको बारेमा बतायो ।
५. येशू ................ को पुत्र हुनुहुन्छ ।
६. येशूले ............ लाई क्षमा दिन सक्नुहुन्छ ।
७. हामीले ............. लाई क्षमा गर्नुपर्दछ ।

**हो वा होइनमा धर्को तान्नुहोस ।**

८. सुसमाचारका पुस्तकहरु पाँचवटा छन् । हो/होइन
९. मत्तीले येशूको बारेमा लेखे । हो/होइन
१०. पत्रुसले सुसमाचार लेखे । हो/होइन
११. हामी पाप गर्दछौ । हो/होइन
१२. येशू हाम्रो सहायक हुनुहुन्छ । हो/होइन



# * परमेश्वरको पुत्र येशूले बप्तिस्मा लिनुभयो

येशू परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँकी आमा मरियम हुनुहुन्छ । उहाँको पिता पवित्र आत्मा हुनुहुन्छ । उहाँको जन्म अचम्म प्रकारले भयो । तपाई येशूको जन्मको बारेमा लूकाको सुसमाचारमा पढन सक्नुहुन्छ ( लूका २: १ ..२०) । येशू तीस वर्षको हुनुहुन्थ्यो । उहाँको एउटा दाई पर्ने थियो, जसलाई यूहन्ना भनिन्थ्यो । यूहन्ना परमेश्वर बाट पठाईएको थियो । उसले मानिसहरुलाई येशूको निम्ति तयार गर्दथ्यो । उसले धेरै मानिसहरुलाई बप्तिस्मा दियो । उसले तिनीहरुलाई पश्चात्ताप गर्नको लागि भन्यो । पश्चात्तापको अर्थः तपाईले तपाईका पापहरुबाट फर्कनुहो । यसको मतलव तपाईले परमेश्वर तपाईका पापहरुको क्षमागर्नुहुन्छ भन्ने विश्वास गर्नुहो । यसको अर्थ तपाई अब असल जीवन जिउनुहुनेछ ।

येशू नासरत भनिन्ने शहर बाट आउनुभयो । उहाँ यर्दन नदीमा जानुभयो । येशू यूहन्नाले उहाँलाई बप्तिस्मा दिएको चाहनुहुन्थ्यो । बप्तिस्मा भनेको मानिसलाई पानीमा डुबाउनु हो । अनि हामी भन्दछौ " म तपाईलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन्छु " । बप्तिस्ममा हाम्रा पापहरु क्षमा गरिएका हुन्छन् । बप्तिस्माद्धारा हामी परमेश्वरका छोरा छोरी हुन्छौ ।

यूहन्नाले मानिसहरुलाई येशू आउँदैहुनुहुन्छ भन्यो । येशू उ भन्दा सर्वशक्तिमान हुनुहुन्छ भनेर मानिसहरुलाई यूहन्नाले भन्यो । येशू यूहन्ना भन्दा बढी महत्वपूर्ण हुनुहुन्थ्यो ।

येशू परमेश्वरको पुत्र हुनुहुन्छ । हामी यो कुरा येशूको बप्तिस्माद्धारा थाहा पाउँदछौ । यूहन्नाले येशूलाई यर्दन नदीमा बप्तिस्मा दिए । आकाश खुला भयो । पवित्र आत्मा येशूमाथि आउनुभयो । पवित्र आत्मा ढुकुर जस्तै हुनुहुन्थ्यो । त्यहाँ स्वर्गबाट एउटा आवाज आयो । आवाजले भन्यो " तिमी मेरा प्रिय पुत्र हो जसलाई प्रेम गर्दछु" । यो आवाज परमेश्वर पिताको थियो । येशू परमेश्वरको पुत्र हुनुहुन्छ ।

हामी परमेश्वरका बालकहरु भएका छौ । हामी दुष्टकुराहरु गर्दछौ । ति दुष्टकुराहरु पाप हो । परमेश्वरले हाम्रा पापहरुको क्षमा गर्नुहुन्छ । जब हामी बप्तिस्मा लिन्छौ, उहाँले ती क्षमा गर्नुहुन्छ । जब हामी पश्चात्ताप गर्दछौ, उहाँले हामीलाई क्षमा गर्नुहुन्छ ।

**प्रश्नहरुको जवाफ दिनुहोस ।**

१. येशू कि आमा ............ हुनुहुन्छ ।
२. येशूको पिता ................. हुनुहुन्छ ।
३. यूहन्नाले ............. लाई येशूको निम्ति तयार गर्दथ्यो ।
४. येशू यूहन्ना भन्दा .................... हुनुहुन्छ ।
५. स्वर्गबाट आएको आवाज परमेश्वर ........ को आवाज थियो ।

**हो वा होइन मुनि धर्को तान्नुहोस ।**

६. हामी हाम्रा पापहरुको पश्चात्ताप गर्नुपर्दछ । हो/होइन
७. येशू भन्दा यूहन्ना बढी शक्तिशाली थियो । हो/होइन
८. परमेश्वर पिताले येशूलाई प्रेम गर्नुभयो । हो/होइन
९. बप्तिस्माले पापको क्षमा गर्दछ । हो/होइन
१०. परमेश्वर पिता हामीलाई प्रेम गर्नुहुन्छ । हो/होइन
११. परमेश्वर हाम्रा पापहरुको क्षमा गर्नुहुन्छ । हो/होइन
१२. हामी परमेश्वरका बालकहरु हुन सक्दछौ । हो/होइन



# * मानिसहरु येशूको पछि लागे

यूहन्ना भ्यालखानामा थियो । उ मानिसहरुलाई प्रचार गर्न सक्दैन थियो । येशू गालीलमा जानुभयो । येशूले सुसमाचारको बारेमा बोल्नुभयो । परमेश्वरको प्रेमको सुसमाचार भनियो । येशूले मानिसहरुलाई पश्चात्ताप गर्न सोध्नुभयो । उहाँ तिनीहरुलाई परमेश्वरमा विश्वास गर्न भन्नुभयो । एक दिन येशू गालीलको ताल हुँदै गइरहनुभएको थियो । केही मानिसहरु माछा मार्दै थिए । एक मानिस जसलाई सिमोन भनिन्थ्यो । अर्को मानिसको नाउँ चाहिँ आन्द्रियास थियो । ति मानिसहरु माछा मार्दै थिए । येशूले भन्नुभयो "मेरो पछि लाग" । येशूले तिनीहरुलाई भन्नुभयो " म तिमीहरुलाई मानिसहरुको जालाहारी तुल्याउनेछु " । येशूको भनाईको अर्थ तिनीहरु येशूको बारेमा अरु मानिसहरुलाई बताउने छन् भन्ने थियो । तिनीहरुले परमेश्वरको प्रेमको बारेमा सुसमाचार भन्नेछन् । धेरै मानिसहरुले पश्चात्ताप गर्नेछन् । तिनीहरुले सुसमाचारमा विश्वास गर्नेछन् । पत्रुस र आन्द्रियास येशूको पछि लागे । येशू फेरि समुन्द्रको किनारामा हिडिरहनु भएको थियो । उहाँ दुईजना अरु मानिसहरुलाई देख्नुभयो । एकजनाको नाम यूहन्ना थियो । अर्को चाहिँ याकूब थियो । तिनीहरु दाज्यूभाई थिए । यूहन्ना र याकूब पनि डुङ्गामा माछा मारिरहेका थिए । येशूले तिनीहरुलाई उहाँको पछिलाग्न भन्नुभयो । यूहन्ना र याकूबले येशूलाई पछ्याए ।
आज हामी येशूलाई पछ्याउन सक्छौ । हामीले परमेश्वरको प्रेमको बारेमा सिक्यौ । हामीले परमेश्वर हाम्रा पापहरु क्षमा गर्नुहुन्छ भन्ने सिक्यौ । हामीले येशूको बारेमा सिक्यौ । हामीले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने पनि सिक्यौ । यि सबै हाम्रो लागि सुसमाचार हुन् । हामी अरु मानिसहरुले पनि यो सुसमाचारको बारेमा जानेको चाहान्छौ । हामी तिनीहरुले येशूको बारेमा सिकेको चाहान्छौ । हामी तिनीहरुले परमेश्वर तिनीहरुलाई प्रेम गर्नुहुन्छ भन्ने थाहा पाएको चाहान्छौ । पत्रुस, आन्द्रियास, यूहन्ना र याकूबले येशूले बोलाउनु भएको सुने । तिनीहरुले येशूलाई सुने र तिनीहरुले उहाँलाई पछ्याए । परमेश्वर हामीलाई उहाँको वचनद्धारा बोलाउनुहुन्छ । परमेश्वरको वचन चाहिँ पवित्र बाइबल हो । येशूलाई तपाईसित बोल्दै गर्नुभएको सुन्नुहोस । येशूको पछि लाग्नुहोस । अरुलाई येशूको बारेमा बताउनुहोस । तब तपाई मानिसहरुको जालाहारी हुनुहुनेछ ।

**प्रश्नहरुको जवाफ दिनुहोस ।**

१. येशू ............ ताल हुँदै गइरहनु भएको थियो ।
२. येशूले ................ र ............... लाई माछा मारिरहेका भेट्टाउनुभयो ।
३. येशूले पत्रुस र आन्द्रियासलाई "..........................................." भन्नुभयो ।
४. ................. र ........................ डुङ्गामा थिए ।
५. हामी पवित्र बाइबल बाट परमेश्वरको .............. बारेमा सिक्दछौ ।
६. यो हाम्रो लागि .......................... हो ।
७. हामी येशूलाई ....................... पर्दछ ।
८. हामीले अरुलाई येशूको .................... पर्दछ ।
९. परमेश्वरको वचन ................... हो ।
१०. परमेश्वर हामीलाई उहाँको वचनद्धारा येशूलाई पछ्याउन .............. हुन्छ ।



## * परमेश्वरले पापहरु क्षमा गर्न सक्नुहुन्छ

येशू कफर्नहुम भन्ने शहरमा जानुभयो । यो शहर गालीलको ताल सँगै थियो । मानिसहरुले येशू गालीलमा भएको कुरा थाहा पाए । धेरै मानिसहरु येशू रहनु भएको घरमा आए । घर मानिसहरुले खचाखच भयो । अरु मानिसहरु घर भित्र जान सक्दैन्थिए । तिनीहरु येशूको सन्देश सुन्न आएका थिए । चार जना मानिसहरु एउटा बिरामी मानिसलाई बोकिरहेका थिए । मानिस पक्षघात भएको थियो । उ हिड्न सक्दैनथ्यो । त्यो मानिस घर भित्र जान सक्दैनथ्यो । तिनीहरु घरको छानामा गए । तिनीहरुले छानामा एउटा प्वाल पारे । अनि तिनीहरुले त्यो बिरामी मानिसलाई प्वाल बाट घरभित्र तल झारे । उ अब येशू नजीकै थियो । येशूले तिनीहरुको विश्वास देख्नुभयो । तिनीहरुले येशू त्यो बिरामीलाई सहायता गर्न सक्नुहुन्छ भन्ने विश्वास गरेका थिए । येशूले त्यो मानिसका पापहरु क्षमा गर्नुभयो । यो येशूले गर्नुभएको पहिलो आश्चर्यकर्म थियो । येशूका शत्रुहरुले भने "परमेश्वरले मात्र पापहरु क्षमा गर्न सक्नुहुन्छ ।" येशूले भन्नुभयो "म पापहरु क्षमा गर्न सक्छु । म रोगीहरुलाई निको पार्न सक्छु ।" अनि उहाँ त्यो बिरामी मानिसलाई भन्नुभयो "तिम्रो ओछ्यान बोक र हिड ।" तब त्यो मानिस हिड्न थाल्यो । यो आश्चर्यकर्म थियो । सबै मानिसहरु अचम्ममा परे । तिनीहरुले परमेश्वरको प्रशंसा गरे । तिनीहरुले भने "हामीले यस्तो अचम्म कहिल्यै देखेनौ ।"


सबै मानिसहरु पापमा जन्मिएका हुन्छन् । पापले हामीलाई दुष्टकुराहरु गर्न लगाउँछ । हामीलाई पापको क्षमा चाहिन्छ । येशू हाम्रा पापहरु क्षमा गर्न सक्नुहुन्छ । येशू परमेश्वरको पुत्र हुनुहुन्छ । हामीले यो उहाँको बप्तिस्माद्धारा देख्यौ, अब उहाँको आश्चर्यकर्म द्धारा हामीले देख्यौ कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँले रोगीहरुलाई निको पार्नुहुन्छ यो सुसमाचार हो । क्षमा दिनेकुरा चाहिँ हाम्रो शरीरको स्वास्थ्य भन्दा बढी महत्वपूर्ण छ । हामीले परमेश्वरको प्रशंसा गर्नुपर्दछ ।

**प्रश्नहरुको उत्तर दिनुहोस ।**

१. मानिसहरु येशू शिक्षा दिई रहनुभएको ............ मा आए ।
२. येशूले मानिसहरुलाई ............... भन्नुभयो ।
३. एउटा मानिस ............... सक्दैन्थ्यो ।
४. मानिसहरुले त्यो बिरामीलाई घरको .................. मा लगे ।
५. येशूले तिनीहरुको ................. देख्नुभयो ।
६. येशूले त्यो मानिसका पापहरु ............... गर्नुभयो ।

**हो वा होइन मुनी धर्को तान्नुहोस ।**

७. येशू परमेश्वरको पुत्र हुनुहुन्छ । हो/होइन
८. येशू पाप क्षमा गर्न सक्नुहुन्छ । हो/होइन
९. येशू बिरामीलाई निको पार्न सक्नुहुन्छ । हो/होइन
१०. पापको क्षमा रोगबाट निको पार्ने काम भन्दा बढी महत्वपूर्ण छ । हो/होइन
११. हामीले परमेश्वरको प्रशंसा गर्नुपर्दछ । हो/होइन




# * येशूको परिवार

येशूले धेरै मानिसहरुलाई सहायता गर्नुभयो । उहाँले जब तिनीहरु बिरामी भए, निको पार्नुभयो । उहाँले तिनीहरुका पापहरु क्षमा गर्नुभयो । उहाँले तिनीहरुलाई सुसमाचार प्रचार गर्नुभयो उहाँले तिनीहरुलाई आशा दिनुभयो । धेरै मानिसहरुले येशूलाई पछ्याए । तिनीहरु परमेश्वरको प्रेमको बारेमा सुन्न चाहान्थे । एक दिन येशू घरमा हुनुहुन्छ, उहाँका चेलाहरुपनि घरमा छन् । अरु धेरै मानिसहरु पनि घरमा छन् । घर मानिसहरुले भरिएको छ । येशूकी आमा र भाइहरु त्यो घरमा आउँदछन् । तिनीहरु येशूसँग कुरा गर्न चाहान्छन् । त्यहाँ धेरै मानिसहरु छन् । येशूकी आमा र भाइहरु घरको बाहिर पर्खन्छन् । कोही एकजनाले येशूलाई उहाँका परिवारहरु उहाँलाई बाहिर पर्खिरहेका छन् भनिदिन्छ । येशू तिनीहरुलाई भन्नुहुन्छ । "तिमी मेरो परिवार हौ । तिमीहरु मेरी आमा र भाइहरु हौ । जो परमेश्वरको इच्छा अनुसार गर्दछ । त्यो मेरो आमा, भाइ र बहिनी हो" ।
येशू उहाँको आफ्नो आमालाई माया गर्नुहुन्छ । येशू सबैलाई माया गर्नुहुन्छ । उहाँ तपाईलाई उहाँको परिवारमा भएको चाहनुहुन्छ । तपाई जब बप्तिस्मा लिनुहुन्छ, तब येशूको परिवारमा आउनुहुन्छ । जब तपाई येशूमा विश्वास गर्नुहुन्छ, तपाई येशूको परिवारको भाग हुनुहुन्छ । विश्वास गर्न पवित्र आत्माले तपाईमा काम गर्नुहुन्छ ।

जब तपाई येशूको परिवारको भाग हुनुहुन्छ, तपाई परमेश्वरको इच्छा अनुसार गर्नुहुन्छ । परमेश्वरको इच्छा यो हो कि तपाईले परमेश्वरको व्यवस्था पालन गर्नुपर्दछ । परमेश्वरको इच्छा यो हो कि तपाईले आफ्नो छिमेकीलाई प्रेम गर्नु पर्दछ ।
किनकि परमेश्वरले पहिले हामीलाई प्रेम गर्नुभयो, हामी उहाँलाई प्रेम गर्न चाहान्छौ । हामी हाम्रा छिमेकीहरुलाई पनि प्रेम गर्न चाहान्छौ । तब हामी परमेश्वरको इच्छा अनुसार गरिरहेका हुन्छौ ।

**प्रश्नहरुको जवाफ लेख्नुहोस ।**

१. येशू सुसमाचार ............. हुन्छ ।
२. येशूको ................ र ................... त्यो घरमा आए ।
३. कुन दुईप्रकारले येशूले मानिसहरुलाई सहायता गर्नुहुन्छ ।
   (क) जब तिनीहरु बिरामी हुन्छन्, उहाँले तिनीहरुलाई ..................... हुन्छ ।
   (ख) जब तिनीहरुले पाप गर्दछन्, उहाँले तिनीहरुलाई ...................... हुन्छ ।
४. येशू हामीलाई उहाँको ..................... भएको चाहनुहुन्छ ।
५. पवित्र आत्माले ................. हामी भित्र काम गर्नुहुन्छ ।
६. कुन दुई प्रकारले हामी परमेश्वरको इच्छा अनुसार गर्दछौ ?
   (क) हामी परमेश्वरमा ..................... गर्छौ ।
   (ख) हामी हाम्रा छिमेकीहरुलाई ................. गर्छौ ।
७. हामीले के गर्नु पर्दछ ? ........................................



# * येशूको वचन सुन्नु

धेरै मानिसहरुले येशूको पछि लागे । जब उहाँले सिकाउनुभयो, तिनीहरुले येशूलाई सुने । एक दिन येशूले तिनीहरुलाई गालीलको समुन्द्र नजिकै सिकाउनुभयो । उहाँले तिनीहरुलाई दृष्टान्तको प्रयोग गरेर सिकाउनुभयो । दृष्टान्त त्यो कथा हो, जसमा स्वर्गीय अर्थ हुन्छ ।

कथा किसानको बारेमा छ । किसान जमीनमा बीउ छर्दै छ । केही बीउ बाटोमा पर्दछन् । चराहरु आउँछन् र ती बीउहरु खाइदिन्छन् । केही बीउहरु ढुङ्गेनी जमीनमा पर्दछन् । त्यहाँ थोरै मात्र असल जमीन भएकोले बिरुवा मर्दछ । केही बीउहरु काँढाहरुको बीचमा पर्दछन् । काँढाहरुले असल बीउलाई बढ्न दिँदैनन् । केही बीउ असल जमीनमा पर्दछन् । ति बीउहरु बढेर ठूलो बिरुवा हुन्छन् । किसानले बिरुवाबाट धेरै फल फलाउँदछ ।

पछि येशू चेलाहरुलाई दृष्टान्तको अर्थ बताउनुहुन्छ । बीउ परमेश्वरको वचन हो । परमेश्वरको वचन मानिसहरुको हृदयमा बृद्धि हुन्छ । केही मानिसहरुले परमेश्वरको वचन सुन्दछन् । तर शैतानले चराले जस्तै मानिसको हृदयबाट परमेश्वरको वचन लैजान्छ । ती मानिसहरुको हृदय बाटो जस्तै कडा छन् । अरु मानिसहरुले परमेश्वरको वचन खुशी साथ सुन्दछन् । जब तिनीहरुको जीवनमा कष्ट आउँदछ, तिनीहरुले परमेश्वरको वचन बिर्सिन्छन् । यो ढुङ्गेनी जमीनमा बीउ परे जस्तै हो । केही मानिसहरुले परमेश्वरको वचन सुन्दछन्, तिनीहरुको जीवनमा आउँछ । तिनीहरु रुपैँया पैसालाई माया गर्दछन् । तिनीहरु परमेश्वरको वचन भन्दा अरु कुरालाई बढी माया गर्दछन् । तिनीहरु काँढाको बीचमा परेको बीउ जस्तै हुन् ।

यहाँ धेरै छन् जो परमेश्वरको वचन सुन्दछन् । तिनीहरु परमेश्वरलाई प्रेम गर्दछन् । तिनीहरु परमेश्वरको वचनलाई प्रेम गर्दछन् । तिनीहरु येशूको सु समाचारलाई प्रेम गर्दछन् । यो त्यो बीउ हो जो असल जमीनमा पर्दछ । परमेश्वरको वचन सुन्नुहोस, परमेश्वरको वचनले हामीलाई खुशी बनाउँछ ।

**प्रश्नको जवाफ दिनुहोस् ।**

१. येशूले मानिसहरुलाई ............... मा सिकाउनुभयो ।
२. दृष्टान्त त्यो ............... हो जसले स्वर्गीय अर्थ दिन्छ ।
३. बीउ चार प्रकारको जमीनमा पर्दछ ।
   (क) केही बीउहरु ............. मा पर्दछन् ।
   (ख) केही बीउहरु ...............भएको जमिनमा पर्दछन् ।
   (ग) केही बीउहरु ..............को बीचमा पर्दछन् ।
   (घ) केही बीउहरु ..............जमीनमा पर्दछन् ।
४. बीउ चाहिँ ............... को ............. हो ।

**हो वा होइन मुनी धर्को तान्नुहोस ।**

५. मानिसहरु आज पनि परमेश्वरको वचन सुन्न सक्छन् । हो/होइन
६. के सबै मानिसहरुले परमेश्वरको वचन पालन गर्दछन् । हो/होइन
७. परमेश्वरको वचनले हामीलाई येशूको बारेमा सु समाचार भन्दछ । हो/होइन
८. परमेश्वरको वचनले हामीलाई खुशी बनाउँदछ । हो/होइन



## * येशूले आँधी शान्त पार्नुभयो


येशूले धेरै दृष्टान्तहरु भन्नुभयो । उहाँ थाक्नुभएको थियो । येशू गालीलको तालमा हुनुहुन्थ्यो । उहाँ र चेलाहरु एउटा डुङ्गामा थिए । तिनीहरु तालको पारिपट्टि जान चाहन्थे ।
आँधी चल्नथल्यो । तालको पानी डुङ्गामा आउन थाल्यो । चेलाहरु डराए । येशू डुङ्गाको पछाडि तिर सुत्नु भएको थियो । चेलाहरुले येशूलाई बिउँभ्काए । " हामी मर्न लाग्यो, हामीलाई बचाउनुहोस" चेलाहरुले भने ।
येशू बोल्नुभयो " शान्त होस " । पानी शान्त भयो । आँधी रोकियो । येशूले उहाँको शक्ति देखाउनु भयो । यो आश्चर्यकर्म थियो । येशूले फेरि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने देखाउनु भयो ।
येशूले उहाँको चेलाहरुलाई सोध्नुभयो " तिमीहरु किन डरायौ, के तिमीहरुमा विश्वास छैन् " । हामी डराएका दिनहरु छन् । हाम्रो जीवनमा कष्टहरुको आँधी आएका दिनहरु छन् । ती आँधीहरु बिरामीपन हुन सक्छ । त्यो आँधी हामीले असाध्यै माया गर्ने साथी गुमाउनुपर्दाको हुनसक्छ । ती आँधीहरु भोजनको आवश्यकताको हुनसक्छ, रुपियाँ पैसाको आवश्यकताको हुनसक्छ, लगाउने कपडाको हुनसक्छ । जब ती आँधीहरु आउँदछन्, हामीहरु डराउनुहुँदैन् । हामीले येशूमा भरोसा गर्नुपर्दछ । हामीले उहाँलाई सहायताको लागि माग्नुपर्दछ । हामीले प्रार्थना गर्नु पर्दछ ।
येशू परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँले हामीलाई सहायता गर्न सक्नुहुन्छ । उहाँले हाम्रो वास्ता गर्नुहुन्छ । उहाँ जीवनका आँधीहरु रोक्नसक्नुहुन्छ । उहाँले हाम्रा कष्टहरुमा सहायता गर्न सक्नुहुन्छ ।
येशूले हामीलाई शान्ति दिनुहुन्छ । उहाँको शान्तिले हाम्रो डरलाई हटाईदिन्छ । हामीलाई येशूमा विश्वास छ । हामी पवित्र आत्माको शक्तिद्धारा उहाँमा भरोसा गर्दछौ । पवित्र आत्माले हाम्रो हृदयमा विश्वास गर्ने कार्य गर्नुहुन्छ ।
येशूले आँधीलाई रोक्नुभयो । येशू हाम्रा कष्टहरु रोक्न सक्नुहुन्छ । किनकि येशू हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो वास्ता गर्नुहुन्छ ।

**प्रश्नहरुको जवाफ देउ ।**

१. येशू र उहाँका चेलाहरु ........... मा थिए ।
२. तालमा ............. आयो ।
३. त्यहाँ .............. आयो । ............... डुङ्गामा आयो ।
४. येशू के गरिरहनु भएको थियो ? उहाँ ................ भएको थियो ।
५. येशूले आँधीलाई के गर्नुभयो ? उहाँले यसलाई ............... भयो ।

**हो वा होइन मुनी धर्को तान्नुहोस ।**

६. त्यहाँ एक समय छ, जब हामी डराउछौ । हो/होइन
७. येशूले हाम्रो हेरचाह गर्नुहुन्छ । हो/होइन
८. के येशूले हामीलाई सहायता गर्नुहुन्छ ? हो/होइन
९. हाम्रा कष्टहरु रोक्न येशूमा शक्ति छ । हो/होइन
१०. हामीले येशूमा भरोसा गर्नु आवश्यक छ । हो/होइन
११. हामी येशूलाई प्रेम गर्दछौ किनकि उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो । हो/होइन



## * येशूको शक्ति दुष्ट आत्माको भन्दा बढी छ

येशू गालील भनिने समुन्द्रको पारी जानुहुन्छ । उहाँ डुङ्गाबाट बाहिर आउनुहुन्छ । एकजना मानिस येशूकहाँ आउँछ । त्यो मानिसमा दुष्ट आत्मा हुन्छ । दुष्ट आत्माले उसलाई धेरै दुष्टकुराहरु गर्न लगाउँछ । त्यो मानिस आफैलाई ढुङ्गाले हिर्काउँछ । उ चिहानहरु तिर बस्छ । उ धेरै बलियो छ । साङ्लाहरुले पनि उसलाई बाँधेर राख्न सकिदैन् । उ ठुलो सोरले कराउँदछ । उसले कपडाहरु लगाएको छैन् ।
त्यो मानिसले ठुलो सोरले भन्यो " तपाई मसित के चाहनुहुन्छ ? तपाई परमेश्वरको पुत्र हुनुहुन्छ " । येशूले उसलाई उसको नाम सोध्नुभयो । त्यो मानिसले भन्यो "मेरो नाम फौज हो " । यसको मतलव त्यो मानिसभित्र धेरै दुष्ट आत्माहरु छन् ।
येशूले दुष्ट आत्मालाई भन्नुभयो "त्यस मानिसबाट निस्किआइज ।" दुष्ट आत्माहरु बाहिर आए । तिनीहरु सुँगुरहरुमा गएर पसे । सुँगुरहरु तालतिर दगुरे र मरे । मानिसहरुले त्यो मानिस निको भएको देखे । उसले लुगा लगाएको थियो । उसको मानसिक अवस्था ठीक थियो ।
मानिसहरुले येशूले जे गर्नुभयो देखे । तिनीहरु येशूसित डराए । तिनीहरुले येशूलाई त्यहाँबाट गइहाल्न भने । येशू डुङ्गामा जाँदैहुनुहुन्थ्यो । येशूले निको पार्नुभएको त्यो मानिस येशूकहाँ आयो । उ येशूसित जान चाहान्थ्यो । येशूले उसलाई उसको परिवारकहाँ जान भन्नुभयो । " येशूले तिम्रो लागि जे गर्नुभयो गएर तिम्रो परिवारका मानिसहरुलाई भन । कसरी येशूले तिमीमाथि दया गर्नुभयो भन" । त्यो मानिसले उसको परिवारलाई भन्यो ।
येशूले आज पनि हामीहरुमाथि दया गर्नुहुन्छ । जब हामी कठिनाईमा हुन्छौ येशूले हामीलाई सहायता गर्नुहुन्छ । उहाँमा महान शक्ति छ । उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ । हामी हाम्रो परिवारका मानिसहरुलाई येशूको बारेमा भन्न सक्छौ । हामी तिनीहरुलाई येशूको प्रेमको बारेमा भन्न सक्छौ । हामी तिनीहरुलाई उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्न सक्छौ ।

**प्रश्नको उत्तर देउ ।**

१. येशू............ को ............... पारी डुङ्गामा जानुभयो ।
२. एउटा मानिस जसलाई ................ लागेको थियो, येशूकहा आयो ।
३. त्यो मानिसले भन्यो " तपाई ..............., ................., ................ हुनुहुन्छ ।
४. येशूले दुष्ट आत्मालाई त्यो मानिसबाट ...........................भन्नुभयो ।
५. दुष्ट आत्माहरु ................. भित्र प्रवेश गरे ।
६. त्यो मानिस येशूसित ................ चाहान्थ्यो ।
७. येशूले उसलाई उसको ................ सित जान भन्नुभयो ।

**हो वा होइनमा धर्को तान्नुहोस ।**

८. येशूले दुष्ट आत्माा लागेको मानिसलाई दया देखाउनुभयो । हो/होइन
९. जब हामी कठिनाईमा हुन्छौ, येशूले हामीलाई सहायता गर्नुहुन्छ । हो/होइन
१०. येशू सर्वशक्तिमान हुनुहुन्छ । हो/होइन
११. हामीले अरुलाई येशूको प्रेमको बारेमा भन्नु पर्दछ । हो/होइन
१२. येशू परमेश्वरको पुत्र हुनुहुन्छ । हो/होइन



# * येशूको शक्ति मृत्यूमाथि छ

मानिसहरुको भीड येशूकहाँ आयो । भीडमा एउटा सभाघरको शासक थियो । उसको नाउँ याइरस थियो । उसको छोरी बिरामी थिई र मरिरहेकी थिई । येशूले उसको छोरीलाई निको पारी दिएको चाहन्थ्यो । येशू उ सँगै जानुभयो ।

केही मानिसहरु याइरसको घरबाट आए । तिनीहरुले भने कि केटी मरिसकी । येशूले याइरसलाई भन्नुभयो " नडराउ तर विश्वास गर " । येशूका तीन चेला उहाँ सँग आए । ति चेलाहरुको नाम पत्रुस, याकूब र यूहन्ना थियो । तिनीहरु याइरसको घरमा पुगे । घरमा भएका मानिसहरु रोईरहेका थिए । तिनीहरुले केटी मरिसकेकी छ भन्ने बिचार गरेका थिए । येशूले तिनी सुतिरहेकी छिन् भनेर तिनीहरुलाई भन्नुभयो । तिनीहरु येशूको कुरामा हाँसे ।

येशूले मानिसहरुलाई घरबाट बाहिर जान भन्नुभयो । केटीको बुवा र आमा चाहिँ भित्रै रहे । ती तीन जना चेलाहरुले यसै गरे । तिनीहरु येशूसितै त्यो केटी भएको ठाउँमा आए । येशूले उनको हात समात्नुभयो । उहाँले उनीलाई भन्नुभयो " सानो बालिका उठ" । तुरुन्तै त्यो बालिका उठिन् । उनी अब बिरामी थिईनन् ।


येशूको शक्ति मृत्यूमाथि पनि छ । यो हामी सबैको लागि सु समाचार हो । हामी सबै मर्नै पर्दछ । हामीले पाप गरेको कारणले हामी सबै मर्ने नै छौ । येशूले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ । जब हामी येशूमा विश्वास गर्दछौ, हाम्रा पापहरु क्षमा गरिन्छन् । तब मृत्यु निन्द्रा जस्तै हो । संसारको अन्त्यको दिनमा येशू आउनुहुनेछ । उहाँले हामीलाई निन्द्राबाट बिउँझाउनु हुनेछ । तब हामी स्वर्गमा जानेछौ । स्वर्ग सुन्दर ठाउँ हो । त्यहाँ तपाई प्रत्येक दिन खुशी हुनुहुनेछ । स्वर्गमा रुवाई हुँदैन । त्यहाँ मृत्यु हुँदैन । स्वर्गमा तपाई सदाको लागि येशूसँगै हुनुहुनेछ ।

**प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. याइरसको छोरी बिरामी थिई र .................. थिई ।
२. याइरस येशूले उसको छोरीलाई ....................... चाहान्थ्यो ।
३. येशूले याइरसलाई ................ भन्नुभयो ।
४. तीन जना चेलाहरु जे येशूसितै आए, ................., ................ र ................ थिए ।
५. याइरसको घरमा हुने मानिसहरुले उसको छोरी ................ भने ।
६. येशूले त्यो केटी .............. छ भन्नुभयो ।
७. येशूले केटीलाई "............................................" भन्नुभयो ।
८. येशूसित ................माथि शक्ति थियो ।

**हो वा होइन मुनी धर्को तान्नुहोस् ।**

९. हामी पाप गरेको कारणले मर्दछौ । हो/होइन
१०. स्वर्ग खुशीयाली ठाउँ हो । हो/होइन
११. येशूले हामीलाई मृत्यूबाट जीवित पार्न सक्नुहुन्छ । हो/होइन
१२. विश्वासीहरु स्वर्गमा रहन्छन् । हो/होइन




# * येशूले धेरै मानिसहरुलाई खुवाउनुभयो

जहाँ मानिसहरुको भीड छैन, येशू त्यहाँ हुन चाहनुहुन्थ्यो । उहाँको बाह्रजना चेलाहरुसित हुन उहाँ चाहनुहुन्थ्यो । धेरै मानिसहरुले उहाँलाई पछ्याए । मानिसहरु येशूको पछि दगुरे । तिनीहरु शहर र नगरहरुबाट आए । येशू मानिसहरुलाई प्रेम गर्नुहुन्थ्यो । उहाँले तिनीहरुलाई धेरै कुराहरु सिकाउनुभयो । जब उहाँले सिकाउन समाप्त गर्नुभयो, त्यति बेला दिउँसो अबेर भइसकेको थियो । सबै मानिसहरु साह्रै भोकाएका थिए । येशू चेलाहरुले मानिसहरुलाई खाना दिएको चाहनुहुन्थ्यो । चेलाहरुसित धेरै खाना थिएन् । सबैलाई खाना किन्ने हो भने त्यसको मुल्य तिर्न आठ महिना लाग्दथ्यो ।
तिनीहरुसित पाँचवटा रोटी र दुईवटा माछाहरु थिए ।
येशूले मानिसहरुलाई बस्न भन्नुभयो । येशूले उहाँको स्वर्गमा हुनुहुने पिता सित प्रार्थना गर्नुभयो । उहाँले रोटी र माछाको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो । उहाँले रोटी र माछालाई भाच्नुभयो । चेलाहरुले मानिसहरुलाई खाना दिए । खाना कहिल्यै पनि त्यसरी प्रयोग गरिएको थिएन । सबै मानिसहरुले खाए । तिनीहरुले चाहे जति रोटी र माछा खाए ।
चेलाहरुले उब्रिएको टुक्राहरु बटुले । तिनीहरुले बाह्र टोकरी भरी बटुले । त्यहाँ खाना खाने मानिसहरु पाँच हजार पुरुषहरु थिए । त्यहाँ स्त्री र केटाकेटीहरु पनि थिए, जसले रोटी र माछा खाए । यो येशूले गर्नु भएको अर्को महान आश्चर्यकाम थियो । येशूले हामीलाई परमेश्वरमा प्रार्थना गर्न सिकाउनुहुन्छ । हामीले हाम्रो भोजनको लागि परमेश्वरलाई धन्यवाद दिनु पर्दछ । हामी सित भएको सबै कुराको लागि हामीले परमेश्वरलाई धन्यवाद दिनु पर्दछ । हामीलाई के चाहिन्छ परमेश्वरलाई थाह छ । हामीलाई खाना चाहिन्छ, हामीलाई लुगा चाहिन्छ, हामीलाई मित्रहरु चाहिन्छ, हामीलाई सहायता गर्न कोही चाहिन्छ । हामी येशूलाई प्रार्थना गर्न सक्छौ । येशूले हामीलाई सहायता गर्न सक्नुहुन्छ । उहाँ शक्तिशाली हुनुहुन्छ । उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । येशूले हामीलाई प्रेम गर्नुहुन्छ । आउनुहोस येशूलाई प्रार्थना गरौ ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस ।**

१. जब येशूले सिकाउन समाप्त गर्नुभयो, यो दिउँसोको ...................... भइसकेको थियो ।
२. मानिसहरु धेरै .................... थिए ।
३. चेलाहरुसित ............. रोटी र ......................... माछाहरु थिए ।
४. येशूले उहाँ स्वर्गमा हुनुहुने पिता सित ................ गर्नुभयो ।
५. येशूले रोटी र माछाको लागि परमेश्वरलाई .................... दिनुभयो ।
६. त्यहाँ .................... टोकरी उब्रिए ।
७. कति जना पुरुषहरुले खाना खाए ? ...................................... ।
८. येशूले परमेश्वरमा .................... गर्न हामीलाई सिकाउनुभयो ।
९. हामीले परमेश्वरलाई हाम्रो भोजनको लागि ................ दिनु पर्दछ ।
१०. येशू ............... हुनुहुन्छ । उहाँ ................ को ............... हुनुहुन्छ ।



## *येशू खीष्ट हुनुहुन्छ

धेरै पुरुष र स्त्रीहरुले येशूमा विश्वास गरे । तिनीहरुले थाहा गरे कि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । केही मानिसहरुले येशूमा विश्वास गरेनन् । येशूले चेलाहरुलाई सोध्नुभयो "मानिसहरुले मलाई को हो भन्दछन् ?" तिनीहरुले जवाफ दिए "कसैले तपाईलाई बप्तिस्मा दिने यूहन्ना भन्दछन् र कसैले एलिया । अरु कसैले तपाईलाई भविष्यवक्ता भन्दछन् " । येशूले तिनीहरुलाई सोध्नुभयो तिमीहरु मलाई को हो भन्दछौ ? पत्रुसले भने "तपाई खीष्ट हुनुहुन्छ, तपाई परमेश्वरको पुत्र हुनुहुन्छ" । पवित्र आत्माले पत्रुसलाई ति शब्दहरु भन्नलाई शक्ति दिनुभयो ।

येशूको अर्थ उद्धारकर्ता हो । येशूले हामीलाई हाम्रा पापहरुबाट क्षमा गर्नुहुन्छ । उहाँले हामीलाई मृत्युको डरबाट बचाउनुहुन्छ । उहाँले हामीलाई शैतानको शक्तिबाट बचाउनुहुन्छ । खीष्टको अर्थ येशू त्यो व्यक्ति हुनुहुन्छ जसलाई परमेश्वरले अभिषेक गर्नु भएको छ । उहाँले येशूलाई हाम्रो भविष्यवक्ता, हाम्रो पूजाहारी, हाम्रो राजा हुनलाई अभिषेक गर्नुभयो । येशू खीष्ट हुनुहुन्छ । उहाँ पवित्र आत्मा र शक्तिले अभिषेक गरिनुभएको छ ।

आज धेरै मानिसहरुले येशूलाई चिन्दैनन् । अरु धेरैले येशूमा विश्वास गर्दैनन् । कसैले भन्दछन् येशू महान शिक्षक हुनुहुन्छ भनेर । तिनीहरुले येशू खीष्ट हुनुहुन्छ भनेर भन्दैनन् । पवित्र आत्माको शक्तिद्धारा हामी विश्वास गर्दछौ । हामी येशू खीष्ट हुनुहुन्छ भनेर विश्वास गर्दछौ । हाम्रो भविष्यवक्ताको रुपमा उहाँले हामीलाई वचन सिकाउनुहुन्छ । हाम्रो पूजाहारीको रुपमा उहाँले उहाँको जीवन हाम्रो लागि दिनुभयो । हाम्रो राजाको रुपमा उहाँ हामीमाथि राज्य गर्नुहुन्छ ।

हाम्री प्रार्थना गरौ कि पवित्र आत्माले हामीलाई आशिष दिउन् । हाम्रो हृदयमा विश्वास सहित हामी भनौ "येशू खीष्ट हुनुहुन्छ " । येशूलाई हाम्रो जीवनमा राज्य गर्न दिऔ ।

**हो वा होइन मा धर्को तान्नुहोस् ।**

१. केही मानिसहरुले भन्दछन् येशू एक शिक्षक मात्र हुनुहुन्छ । हो/होइन
२. लूकाले भन्यो "तपाई खीष्ट हुनुहुन्छ" । हो/होइन
३. येशूको अर्थ खीष्ट हो । हो/होइन
४. येशू खीष्ट हुनुहुन्छ । हो/होइन

**प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

५. ............ ले पत्रुसलाई "तपाई खीष्ट हुनुहुन्छ भन्ने शक्ति दिनुभयो ।
६. खीष्टको अर्थ येशू हाम्रो ..................., ......................र ................ हो ।
७. ....................ले परमेश्वरको वचन सिकाउँदछ ।
८. हाम्रो पूजाहारीको रुपमा येशूले उहाँको ............हाम्रो लागि दिनुभयो ।
९. हाम्रो ................ रुपमा येशू हामी माथि राज्य गर्नुहुन्छ ।
१०. ..................ले तपाईलाई "येशू खीष्ट हुनुहुन्छ" भन्ने शक्ति दिनुहुन्छ ।



## *येशू सूर्य जस्तै चम्किलो हुनुभयो

येशूका तीन जना चेलाहरुलाई उहाँ धेरै मन पराउनु हुन्थ्यो । तिनीहरु येशूसितै थिए, जब उहाँ याइरस सँग हुनुहुन्थ्यो । उहाँले याइरसको छोरीलाई जीवित पार्नु भएको थियो । अब येशूले तीनजना चेलाहरुलाई उहाँ सितै लैजानुहुन्छ । तिनीहरु पहाडको टुप्पोमा जान्छन् । तीनजना चेलाहरुको नाम चाहिँ पत्रुस, याकूब र यूहन्ना हो । पहाडको टुप्पोमा येशूको लुगाहरु धेरै सेतो हुन्छन् । उहाँको मुहार सूर्य जस्तै चहकिलो हुन्छ । एलिया र मोशा पनि त्यहाँ हुन्छन् । तिनीहरुले येशूसित कुरा गर्दछन् । पत्रुस त्यहाँ भएकोमा खुशी हुन्छ र उ डराउँदछ पनि । बादलबाट एउटा आवाज उहाँसित बोल्दछ । त्यो आवाज परमेश्वर पिताको हुन्छ । परमेश्वर येशूको बारेमा भन्नुहुन्छ “यिनी मेरा प्रिय पुत्र हुन, जसलाई म प्रेम गर्दछु तिमीहरुले उनको वचन सुन ।” तब बादल गयो । एलिया र मोशा गए । चेलाहरु र येशूमात्र त्यहाँ हुन्छन् । यो कथाले हामीलाई येशूको बप्तिस्माको बारेमा सम्झाउँदछ । येशूको बप्तिस्मा हुँदा परमेश्वर पिताले यहि वचनहरु बोल्नुभएको थियो । अब येशू सूर्य जस्तै चम्किरहनुभएको छ । यी सबैले हामीलाई देखाउँदछ कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँ शक्तिशाली हुनुहुन्छ । उहाँ सूर्य जस्तै चहकिलो हुन सक्नुहुन्छ ।

उहाँ हामीलाई सहायता गर्न सक्नुहुन्छ किनभने उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँले हामीलाई सहायता गर्नुहुन्छ किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । उहाँ हामीले जस्तै पृथ्वीमा रहनुभयो । उहाँ भोकाउनुभयो । उहाँ तिर्खाउनुभयो । तर येशू मानिस भन्दा बढी हुनुहुन्छ । उहाँ परमेश्वर र मानिस दुवै हुनुहुन्छ । जब येशू सूर्य जस्तै चहकिलो हुनुभयो हामी यो देख्न सक्छौ । र अझै उहाँ मानिस हुनुहुन्छ । कस्तो अनौठो येशू हामीसित हुनुहुन्छ ।

येशू तपाईलाई जे सिकाउनुहुन्छ सुन्नुहोस् । परमेश्वरको रुपमा उहाँलाई आदर दिनुहोस् । सहायताको लागि उहाँलाई प्रार्थना गर्नुहोस् । उहाँ तपाईलाई बचाउन सक्नुहुन्छ । उहाँ तपाईलाई सहायता गर्न सक्नुहुन्छ । उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ ।

**प्रश्नको उत्तर लेख्नुहोस् ।**

१. येशू र तीनजना चेलाहरु............को टुप्पोमा गए ।
२. तीन जना चेलाहरु ........., ............र ........ थिए ।
३. येशूको मुहार ..........जस्तै चहकिलो भयो ।
४. एलिया र ...........येशूसितै डाँडामा थिए ।
५. बादलबाट आएको आवाज परमेश्वर ........को आवाज हो ।
६. परमेश्वर पिताले भन्नुभयो “यिनी मेरा प्रिय.......हुन् । जसलाई .................. गर्दछु । उहाँको .............. ।
७. जे येशूले सिकाउनुहुन्छ, हामी ............. पर्दछ ।
८. हामीले सहायताको लागि येशूलाई ................ पर्दछ ।
९. येशू परमेश्वरको ...........हुनुहुन्छ ।



# * स्वर्गमा को महान छ ?

येशू कर्फनहुममा हिड्दै हुनुहुन्थ्यो । उहाँका चेलाहरु येशू सितै हिडिरहेका थिए । येशू तिनीहरुलाई सुन्न सक्नुहुन्थ्यो । तब येशू घरमा आउनुभयो, जहाँ उहाँ बस्नुहुन्थ्यो । उहाँले चेलाहरुलाई सोध्नुभयो । "तिमीहरु के को बारेमा विवाद गर्दै थियौ ।" चेलाहरुले जवाफ दिएनन् । तिनीहरुलाई हिनताबोध भयो । तिनीहरु को ठूलो हो भन्ने बारेमा विवाद गर्दै थिए । येशू बस्नुभयो । उहाँले बाह्र जना चेलाहरुलाई बोलाउनु भयो । तिनीहरुले येशूको कुरा सुने । येशूले भन्नुभयो "ठूलो हुनलाई तिमीहरुले सेवक हुनै पर्दछ" । एउटा सेवकले मानिसहरुको सेवा गर्दछ । तब येशूले एउटा बालकलाई काखमा लिनुभयो ।" यदि तिमीहरुले कुनै एक बालकलाई मेरो नाममा स्वागत गर्दछौ, तिमीहरुले मलाई स्वागत गर्दछौ । यदि तिमीहरुले मलाई स्वागत गर्दछौ भने मलाई पठाउनु हुनेलाई स्वागत गर्दछौ " । येशू हाम्रो सेवक हुनुहुन्छ । उहाँले हाम्रा पापहरु क्षमा गरेर हामीलाई सहायता गर्नुहुन्छ । हाम्रो सेवकको रुपमा उहाँ हाम्रो लागि क्रूसमा मर्नुभयो । उहाँले हामीलाई आज पनि सेवा दिनुहुन्छ । येशूले हाम्रा प्रार्थनाहरु सुन्नुहुन्छ । उहाँले हाम्रा प्रार्थनाको उत्तर दिनुहुन्छ । कहिले उहाँले हाम्रो प्रार्थनाको उत्तर हुन्छ भन्ने दिनुहुन्छ, कहिले हुँदैन र कहिले केही समयको लागि पर्ख भन्ने जवाफ दिनुहुन्छ ।

येशू हामीले नम्र भएको चाहनुहुन्छ । उहाँ हामीले सानो बालक जस्तै भएको चाहनुहुन्छ । हाम्रो विश्वास हामीले येशूको सेवा गरेको चाहन्छ । हाम्रो विश्वास हामीले अरु मानिसहरुको सेवा गरेको चाहन्छ । जब तिनीहरु आवश्यकतामा हुन्छन् हामी तिनीहरुलाई सहायता गर्न सक्छौ । हामी तिनीहरुलाई खाना दिएर सेवा गर्न सक्छौ । जब तिनीहरु बिरामी हुन्छन् तिनीहरुलाई सेवा गर्न सक्छौ । विश्वासमा जब हामी अरु मानिसहरुलाई सेवा गर्दछौ हामी येशूको सेवा गर्दछौ ।

**प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. येशू ....................मा हिडिरहनु भएको थियो ।
२. चेलाहरु ................ गरिरहेका थिए ।
३. चेलाहरु को ............भन्ने बारेमा विवाद गरिरहेका थिए ।

**हो वा होइन मुनि धर्को तान्नुहोस् ।**

४. येशूले भन्नुभयो महान हुनलाई तिमी राजा हुनै पर्दछ । हो/होइन
५. येशूले हामीलाई भन्नुभयो कि बालकहरु उहाँको लागि महत्वपूर्ण छन् । हो/होइन
६. बालकहरु नम्र हुन्छन् । हो/होइन
७. हामी नम्र हुनुपर्दछ । हो/होइन
८. हामीले येशूको सेवा गर्न चाहनुपर्दछ । हो/होइन
९. हामीले अरु मानिसहरुको सेवा गर्न चाहनु पर्दछ । हो/होइन
१०. येशू हामीलाई साना बालक जस्तै भएको चाहनुहुन्छ । हो/होइन



## * हामी स्वर्गमा कसरी पुग्न सक्छौ ?

येशू बाटोमा हिडिरहनुभएको थियो । एउटा धनी जवान मानिसले प्रश्न सोध्यो ? "मैले स्वर्ग जान के गर्नु पर्दछ ?" येशूले भन्नुभयो तिमी परमेश्वरको व्यवस्था जान्दछौ । हत्या नगर्नु । व्यभिचार नगर्नु । चोरी नगर्नु । तिम्रो बुवा आमालाई आदर गर्नु । त्यो जवान मानिसले भन्यो "मैले परमेश्वरको व्यवस्था पालन गर्दैछु ।" उसले अनुभव गऱ्यो कि अझै उसले केही गर्नै पर्दछ । उसले बिचार गऱ्यो कि उसले स्वर्गमा जीवन कमाउनै पर्दछ । येशूले त्यो जवान मानिसलाई प्रेम गर्नुभयो । येशूलाई थाहा थियो त्यो धनी जवान मानिस रुपियाँ पैसालाई माया गर्दथ्यो । येशू त्यो मानिसले रुपियाँ भन्दा बढी उहाँलाई प्रेम गरेको चाहनुहुन्थ्यो । येशूले उसलाई भन्नुभयो "तिमीसित भएको सबै सम्पत्ति बेच र सबै रुपियाँ गरीबहरुलाई देउ ।" मलाई पछ्याउ र तिमी स्वर्गमा जानेछौ ।

त्यो मानिस दुःखी भयो । उसको रुपियाँ पैसालाई उ येशू भन्दा बढी माया गर्दथ्यो । उसको सबै सम्पत्ति राख्न उ चाहन्थ्यो ।

चेलाहरुले सोधे "तब को बचाईने छ त ?" येशूले भन्नुभयो "मानिसको लागि यो सम्भव छैन तर परमेश्वरको लागि यो सम्भव छ ।" आज हामी स्वर्ग कमाउन सक्दैनौ । हामी येशूमा विश्वासद्धारा स्वर्गमा जान्छौ । हाम्रो जीवनमा अरु थोक भन्दा येशू सबै भन्दा महत्वपूर्ण हुनै पर्दछ । उहाँ हाम्रो सम्पत्ति भन्दा बढी महत्वपूर्ण हुनुहुन्छ । उहाँ हाम्रो घर भन्दा बढी महत्वपूर्ण हुनुहुन्छ । उहाँ हाम्रो परिवार भन्दा बढी महत्वपूर्ण हुनुहुन्छ ।

येशूले हामीलाई स्वर्गमा नेतृत्व गर्नुहुनेछ । हामी विश्वासद्धारा हाम्रो उद्धारकर्तामा विश्वास गर्दछौ । तब हामी येशूलाई माया गर्दछौ र उहाँलाई पछ्याउने छौ । हामी उहाँलाई हाम्रो जीवनका अरु कुराहरु भन्दा बढी प्रेम गर्नेछौ ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**


१. जवान मानिसले सोध्यो " .......... जान मैले के गर्नु पर्दछ ?"
२. तिम्रो बुवा र आमालाई ...................... गर ।
३. येशूलाई थाहा थियो त्यो जवान मानिस उसको .................लाई माया गर्दथ्यो ।
४. येशूले त्यो मानिसलाई भन्नुभयो "तिमीसित भएका सबै थोक ............... ।"

**हो वा होइन मुनी धर्को तान्नुहोस् ।**

५. त्यो जवान मानिस धेरै गरीब थियो । हो/होइन
६. परमेश्वरको वचनले भन्दछ हामी हत्या गर्न र झूटो बोल्न सक्छौ । हो/होइन

उत्तर लेख्नुहोस् ।

७. हामी सबैभन्दा बढी कसलाई माया गर्नु पर्दछ ?.................................।
८. परमेश्वरमा के सम्भव छ ? ..............................................।
९. कसले हामीलाई स्वर्गमा लैजान्छ ? ..................................... ।
१०. के तपाई स्वर्ग जान सक्नुहुन्छ ? .......................... कसरी ............................. ।



# * मानिसहरुले येशूको स्तुति गरे

येशूले परमेश्वरको वचनबाट धेरै मानिसहरुलाई सिकाउनुभयो । उहाँले तिनीहरुलाई उहाँ तिनीहरुको उद्धारकर्ता हुनुहुन्छ भन्ने सिकाउनुभयो । अब उहाँ यरुशलेमको बाटोमा हुनुहुन्छ । यो उहाँको लागि मृत्युको समय हो । उहाँ सबै मानिसहरुका पापहरुको लागि मर्नुहुनेछ । उहाँ जवान गधालाई खोज्नको लागि दुइजना चेलाहरुलाई पठाउनुभयो । "गधालाई खोलेर म कहाँ ल्याओ, त्यसको मालिकलाई भन प्रभुलाई यसको खाँचो छ ।" यो येशूले भन्नुभएको हो । मानिसहरुले तिनीहरुलाई गधा लैजान दिए । चेलाहरुले तिनीहरुको लुगाहरु गधा माथि राखे । येशू गधामाथि चढ्नुभयो । उहाँ यरुशलेममा आउनुभयो । केही मानिसहरुले बाटोमा खजुरका हांगाहरु ओछ्याए । तिनीहरु सबैले गाए । तिनीहरु सबै धेरै खुशी थिए । तिनीहरुले भने होसन्ना, धन्य हो त्यो जो प्रभुको नाउँमा आउँदछ । सर्वोच्चमा विराजमान हुनुहुनेलाई होसन्ना । तिनीहरुले येशूलाई राजाको रुपमा स्तुति गरे ।

येशूका शत्रुहरु रिसाए । तिनीहरुले मानिसहरुलाई तिनीहरुको राजाको स्तुति गरेको रोक्न सकेनन् । ति मानिसहरुले बिचार गरे कि येशू संसारिक राजा हुनुहुनेछ । तिनीहरु गलत छन् । येशू हाम्रो मन र जीवनमा शासन गर्न चाहनुहुन्छ ।

येशू हाम्रो मन र जीवनमा राज गर्न चाहनुहुन्छ । येशू हाम्रो राजा हुनुहुन्छ । उहाँले हाम्रो मन र जीवनमा राज गर्नुहुन्छ । उहाँ धनी हुन र देशहरुमा राज गर्न आउनु भएन । उहाँ क्रूसमा मर्नको लागि पृथ्वीमा आउनुभयो । उहाँको मृत्युले सबै मानिसहरुको लागि पापको क्षमा ल्याउँदछ । त्यसको अर्थ उहाँले हाम्रा सबै पापहरुको क्षमा गर्नुहुनेछ । अब हामी येशूको आराधना र प्रशंसा गर्दछौ । हामी उहाँलाई हाम्रो उद्धारकर्ताको रुपमा स्तुति गर्दछौं । जब हामी हाम्रो प्रार्थनामा उहाँसित कुरा गर्दछौ, हामी उहाँलाई प्रसंशा गर्दछौ । जब हामी भजनहरु गाउँदछौ, हामी स्तुति गर्दछौ । जब हामी भजनसंग्रह पढ्दछौ, हामी प्रशंसा गर्दछौ, हामी भन्न सक्छौ "प्रभुको प्रशंसा होस ।" हामी उहाँलाई राजाको रुपमा प्रशंसा गर्दछौ जो हाम्रो जीवनमा राज गर्नुहुन्छ ।

**प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. येशूले मानिसहरुलाई उहाँ तिनीहरुको ...................... भन्ने सिकाउनुभयो ।
२. येशू ....................को बाटोमा हुनुहुन्थ्यो ।
३. येशूले चेलाहरुलाई ...............खोज्न पठाउनुभयो ।
४. केही मानिसहरुले बाटोमा .................... ओछ्याए ।
५. मानिसहरुले "........................." भन्दै गाए ।
६. येशूका शत्रुहरु ......................।

**हो वा होइन मुनी धर्को तान्नुहोस् ।**

७. मानिसहरुले येशू संसारको राजा हुनुहुन्छ भनेर बिचार गरे । हो/होइन
८. येशू हाम्रो जीवनमा राजाको रुपमा राज गर्न चाहनुहुन्छ । हो/होइन
९. येशू शासन गर्न होइन तर हाम्रा पापहरुको लागि मर्न आउनुभयो । हो/होइन

**उत्तर दिनुहोस् ।**

१०. तपाई कसरी येशूलाई प्रशंसा गर्न सक्नुहुन्छ ?



# *परमेश्वरको घर प्रार्थनाको घर हो

यो विश्राम दिनको सोमबार थियो । आईतबारको दिन येशू गधामा सवार भएर यरुशलेममा आउनुभयो । मानिसहरुले उहाँको स्तुति गरे । अब येशू यरुशलेम शहरमा हुनुहुन्छ । उहाँ मन्दिरमा जानुभयो । मन्दिर ठूलो भवन थियो । यहूदीहरुले परमेश्वरलाई मन्दिरमा आराधना गर्दथे । तिनीहरुले प्रभुकहाँ उपहारहरु ल्याउँदथे । तिनीहरुले बलिहरु चढाउँदथे । बलिहरु भेडाहरु, परेवा र अरु जनावर हुन्थे । धेरै मानिसहरु टाढा टाढा बाट आउँदथे । तिनीहरुले बलिहरु किन्नु पर्दथ्यो । मानिसहरु परेवा र अरु जनावरहरु बेच्दथे । तिनीहरुले पैसा साट्ने गर्दथे । जब येशूले यी सबै देख्नुभयो उहाँ रिसाउनुभयो । उहाँले परेवा बेच्नेहरुको टेबल पल्टाई दिनुभयो । उहाँले पैसा साट्नेहरुका टेबलहरु पल्टाई दिनुभयो । येशूले भन्नुभयो “परमेश्वरको घर प्रार्थनाको घर हो । तिमीहरुले यसलाई डाँकुहरुको ओडार बनायौ ।” येशूका शत्रुहरु पनि रिसाए । तिनीहरुले येशूलाई मार्न चाहे । तिनीहरु मानिसहरुले के गर्नेछन् भनेर डराए । धेरै मानिसहरु येशूको स्तुति प्रशंसा गर्दै थिए । आज जब हामी उहाँलाई आराधना गर्दछौ, उहाँको प्रशंसा गर्दछौ । मण्डली प्रार्थनाको घर हो । येशूमा विश्वास गर्नेहरु मण्डलीमा आराधना गर्दछन् । जब हामी उहाँमा प्रार्थना गर्दछौ, हामी येशूलाई आराधना गर्दछौ । जब हामी गाउँदछौ, हामी येशूलाई आराधना गर्दछौ । जब हामी उहाँको वचन सुन्दछौ हामी येशूलाई आराधना गर्दछौ ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**


१. यो ................को सोमबार थियो ।
२. येशू ...................मा यरुशलेममा आउनुभयो ।
३. येशू ................ जानुहुन्छ ।
४. यहूदीहरु परमेश्वरलाई ................... ................... गर्दथे ।

**हो वा होइन मुनी धर्को तान्नुहोस् ।**

५. परमेश्वरलाई आराधना गर्न मानिसहरु उपहार किन्दथे । हो/होइन
६. परमेश्वरलाई उपहार चढाउनुलाई बलि चढाउनु भनिन्छ । हो/होइन
७. येशू पैसा साट्नेहरुसित रिसाउनुभयो । हो/होइन
८. येशूले भन्नुभयो परमेश्वरको घर प्रार्थनाको लागि हो । हो/होइन
९. येशूले गर्नुभएको कुरामा येशूका शत्रुहरु धेरै खुशी थिए । हो/होइन

**उत्तर दिनुहोस् ।**

१०. कसरी हामी परमेश्वरको भवनलाई प्रार्थनाको ठाउँ बनाउन सक्छौ ?
............................................................... ।



## * परमेश्वरको आज्ञाहरु हाम्रो लागि हुन

यो विश्राम दिनको मंगलबार थियो । व्यवस्थाको एउटा शिक्षक येशू कहाँ आयो र सोध्यो । "कुन आज्ञा सबै भन्दा महत्वपूर्ण छ ?" येशूले कुनै पनि दश आज्ञाको बारेमा बोल्नु भएन् । उहाँले आज्ञाहरुको वा परमेश्वरको व्यवस्थाको सारांश बनाउनुभयो ।"तिम्रो परमेश्वरलाई प्रेम गर ।" परमेश्वरलाई सबैथोक र अरु सबैकुरा भन्दा बढी प्रेम गर । तिम्रो सारा हृदयले, सारा प्राणले, सारा समझले र सारा बलले तिमीले उहाँलाई प्रेम गर्नु । अन्त्यका सातवटा आज्ञाहरुको निष्कर्ष निकाल्दै येशूले भन्नुभयो "आफ्नो छिमेकीलाई आफुलाई जस्तै प्रेम गर ।"

धेरै पटक हामी परमेश्वरलाई भन्दा आफैलाई बढी प्रेम गर्दछौ । हामी सधै परमेश्वरलाई हाम्रो जीवनको पहिलो स्थानमा राख्दैनौ । जब हामी परमेश्वरलाई भुल्दछौ, हामी पाप गर्दछौ । हामी दण्डको योग्य ठहरिन्छौ । धेरै पटक हामी अरु मानिसहरु भन्दा आफैलाई बढी माया गर्दछौ । हामी अरुलाई गर्नुपर्ने सहायता गर्दैनौ । हामी पाप गर्दछौ र दण्ड पाउन योग्य ठहरिन्छौ । येशूद्धारा परमेश्वरले ति पापहरुलाई क्षमा गर्नुहुन्छ । येशूले हाम्रो लागि दण्ड भोग्नुभयो । अब परमेश्वर हामीलाई क्षमा गर्नुहुन्छ । हामी उहाँको सेवा गरेर परमेश्वर प्रतिको प्रेम देखाउँदछौ । हाम्रो लागि येशूले जे गर्नुभयो, हामीले अरु मानिसलाई भन्नुपर्दछ । हामीले परमेश्वरको प्रशंसा गर्नु पर्दछ ।

हामी धेरै प्रकारले हाम्रा छिमेकीहरुलाई हाम्रो प्रेम देखाउन सक्छौ । जब हाम्रा छिमेकीहरु बिरामी हुन्छन् हामी सहायता गर्न सक्छौ । आवश्यकतामा परेको बेला हामी सहायता गर्न सक्छौ । हामी हाम्रा कार्यहरुद्धारा उहाँहरुलाई परमेश्वरको प्रेम देखाउन सक्छौ ।

परमेश्वर सबैको लागि धेरै महत्वपूर्ण हुनुहुन्छ । मानिसहरु पनि हाम्रो लागि धेरै महत्वपूर्ण छन् ।

**प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. एक जना............को शिक्षक येशू कहाँ आयो ।
२. येशूले आज्ञाहरु वा परमेश्वरको व्यवस्थाको ...........बनाउनुभयो ।
३. हामी परमेश्वरलाई हाम्रो सारा ..........., .................., ................र.....ले प्रेम गर्नुपर्दछ ।
४. परमेश्वरलाई सबैकुरा र ................ माथि प्रेम गर ।

**हो वा होइन मुनी धर्को तान्नुहोस् ।**

५. धेरै पटक हामी परमेश्वर भन्दा बढी आफैलाई माया गर्दछौ । हो/होइन
६. धेरै पटक हामी आफैलाई अरु मानिस भन्दा बढी प्रेम गर्दछौ । हो/होइन
७. हामी सधै परमेश्वरलाई हाम्रो जीवनमा पहिलो स्थानमा राख्छौ । हो/होइन
८. हामीले पाप गरेको कारणले परमेश्वरले हामीलाई दण्ड दिनुहुन्छ । हो/होइन
९. येशू हाम्रा पापको लागि दण्डित हुनुभयो । हो/होइन

उत्तर दिनुहोस् ।

१०. कसरी हामी हाम्रो प्रेम:
परमेश्वरलाई देखाउन सक्छौ ?............................... ।
मानिसहरुलाई देखाउन सक्छौ ? ..................................।



## * परमेश्वरको लागि एउटा उपहार

येशू मन्दिरमा हुनुहुन्छ । उहाँ भेटी चढाउने ठाउँको सामुन्ने बस्नुभयो । त्यहाँ बाकसहरु छन् जहाँ सिक्काहरु राखिन्छन् । येशू मानिसहरुले भेटीहरु चढाएको हेरिरहनु भएको छ । कोही मानिसहरु धनी छन् । धनी मानिसहरुले बढी पैसा भेटी चढाए । तब एक जना विधवा आफ्नो भेटी लिएर आईन् । तिनी साह्रै गरीब छिन् । तिनले दुइवटा सानो सिक्काहरु चढाईन् । येशूले भन्नुभयो "यिनले अरुले भन्दा बढी चढाएकी छिन् ।" तिनले आफुसित भएको सबै चढाईन् । तिनको लागि जिउन आवश्यक सबै तिनले दिएकी छिन् । तिनले परमेश्वर प्रति र उहाँको वचन प्रति आफ्नो महान प्रेम देखाईन् । आज हामी हाम्रा भेटीहरु परमेश्वरमा ल्याउन सक्छौं । हाम्रा भेटीहरु पैसाको उपहार हुनसक्छन् । हामीले हाम्रो समय येशूको बारेमा बोल्नलाई दिन सक्छौं । येशूले हाम्रो लागि जे गर्नुभएको छ, हामी अरु मानिसहरुलाई भन्न सक्छौ । हामी सफा जीवन जिएर येशूको सेवा गर्न सक्छौं । हामी जे गर्दछौं र भन्दछौं सबैले येशूको लागि हाम्रो प्रेम देखाउनु पर्दछ ।
धेरै प्रकारले येशूको सेवा गर्न सकिन्छ । येशू हामीलाई प्रेम गर्नुहुन्छ । उहाँ हाम्रा पापहरुको लागि मर्नुभयो । अब हामी उहाँलाई प्रेम गर्दछौं । हामी हाम्रो प्रेमको उपहार उहाँमा ल्याउन सक्छौं ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**


१. येशू .................मा हुनुहुन्छ ।
२. येशू मानिसहरुले तिनीहरुका ..............चढाएको हेरिरहनु भएकोछ ।
३. धनी मानिसहरुले ...............पैसा चढाए ।
४. एउटा ............आफ्नो भेटी लिएर आईन् ।

**हो वा होइन मुनी धर्को तान्नुहोस् ।**

५. गरीब मानिसहरुले धेरै पैसा चढाए । हो/होइन
६. विधवाले आफुसित भएको सबै थोक चढाईन् । हो/होइन
७. हामी येशूकहाँ भेटीहरु ल्याउन सक्दैनौ । हो/होइन
८. धेरै प्रकारले येशूको सेवा गर्न सकिन्छ । हो/होइन
९. हामी अरु मानिसहरुलाई येशूको बारेमा भन्न सक्छौ । हो/होइन

**उत्तर दिनुहोस् ।**

१० केही तरिका भन्नुहोस कसरी हामी येशूकहाँ भेटीहरु ल्याउन सक्छौ ? ...................... ।



## * येशू फेरि नआउञ्जेल सम्मको लागि कष्ट छ

येशू जैतुन डाँडामा बस्नुभयो । चारजना चेलाहरु उहाँसितै छन् । तिनीहरु पत्रुस, याकूब, यूहन्ना र आन्द्रियास हुन् । तिनीहरु मन्दिर देख्न सक्दछन् । येशूले संसारको अन्त्यको बारेमा कुरा गर्दै हुनुहुन्छ । “यी सब कहिले हुनेछन्” चेलाहरुले सोध्दछन् । येशूले भन्नुभयो त्यहाँ अझै दु:ख र कष्ट हुनेछन् । त्यहाँ लडाईहरु हुनेछन् । राज्यहरुले अर्को राज्यको विरुद्धमा लडाई गर्नेछन् । उहाँले भन्नुभयो त्यहाँ भुकम्प र महामारी हुनेछन् त्यो केही कष्टमात्र हुनेछ । येशूले भन्नुभयो मानिसहरुले तिमीहरुलाई घृणा गर्नेछन् । तिनीहरुले तिमीहरुलाई चोट पुऱ्याउने छन् । तिनीहरुले मेरो विरुद्धमा कुरा गर्नेछन् । तिनीहरुले तिमीहरुलाई झ्यालखानामा हाल्नेछन् । तर तिमीहरुले मेरो लागि बोल्नेछौ । पवित्र आत्माले तिमीहरुलाई सहायता गर्नुहुनेछ । सु समाचार सबै संसार भरिमा प्रचार गरिनेछ । त्यो अन्तिम चिन्ह हो । तब अन्य यो संसारमा आउने छ । आज यो संसारमा झनै कष्ट छ । यहाँ लडाई र हत्या हुन्छ । यहाँ भुकम्प र महामारीहरु छन् । येशूको पछि लाग्नेहरु पनि कष्ट भोगिरहेका छन् । तिनीहरुलाई घृणा गरिन्छ । मानिसहरु तिनीहरुको विरुद्धमा बोल्दछन् । कोहीलाई पिटिन्छ र झ्यालखानामा राखिन्छ । तर येशूको सु समाचार सुनिएको छ । यो धेरै राष्ट्रहरुमा सुनिएको छ । हामी हुनसक्छ कष्टमा बोलाईएका छौं । येशूको चेला हुन सजिलो छैन् । येशूले हामीलाई सहायता गर्ने प्रतिज्ञा गर्नुभएको छ । हामीले येशूको लागि बोल्नु आवश्यक छ । हामीले अन्त्यको दिनको लागि तयार रहनु आवश्यक छ । येशू उहाँलाई विश्वास गर्ने जति सबैलाई स्वर्गमा लैजान आउनुहुनेछ ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**


१. येशूले ................ को अन्त्यको बारेमा कुरा गर्नुभयो ।
२. येशूले भन्नुभयो त्यहाँ बढी ............... हुनेछ ।
३. .............. ले ..................को विरुद्धमा लडाई गर्नेछन् ।
४. त्यहाँ ..................र .................. हुनेछ ।
५. येशूले भन्नुभयो मानिसहरु तिमीलाई ............... गर्नेछन् ।

**हो वा होईन मुनि धर्को तान्नुहोस् ।**

६. हामीले येशूको बारेमा बोल्नु पर्दछ । हो/होइन
७. येशूका चेलाहरुलाई कठिनाईहरु आउने छन् । हो/होइन
८. येशूको चेला हुनु सजिलो छ । हो/होइन
९. येशूले हामीलाई सहायता गर्ने प्रतिज्ञा गर्नुभयो । हो/होइन

**उत्तर लेख्नुहोस् ।**

१०. येशूको आगमनको अन्तिम चिन्ह के हुनेछ ? .................................. ।



## * जब येशू फेरि आउनुहुन्छ, तयार हुनुहोस्


येशू जैतुनको डाँडामा हुनुहुन्छ । उहाँ चार जना चेलाहरु सित कुरा गर्दै हुनुहुन्छ । उहाँले तिनीहरुलाई संसारको अन्त्यको बारेमा बताउनुभयो । उहाँले तिनीहरुलाई उहाँ फेरि आउनु भन्दा अगाडि के हुनेछ बताउनुभयो । उहाँले भन्नुभयो त्यहाँ लडाँई, भुकम्प र महामारी हुनेछन् । उहाँले भन्नुभयो, उहाँ चेलाहरुलाई तिनीहरुको जीवनमा कष्टहरु आउने छन् । तिनीहरु अरु मानिसहरुद्धारा पिटिने छन् । तिनीहरुलाई झ्यालखानामा राखिनेछन् । सुसमाचार सारा संसारभरि सिकाइनेछ । तब अन्त्य आउने छ । चेलाहरुले सोधे "यो कहिले हुनेछ ।" येशूले भन्नुभयो "कसैले जान्दैन ।" कुनै व्यक्तिलाई थाहा छैन् । कुनै स्वर्गदूतलाई थाहा छैन । परमेश्वर मात्र जान्नुहुन्छ । तिमीहरुलाई थाहा छैन, समय कहिले आउनेछ । तर हामीले हेरिरहनु पर्दछ । हामी त्यो दिनको लागि तयार हुनै पर्दछ । हामी विश्वास गर्दछौ येशू फेरि आउनुहुनेछ । यो भोलि हुन सक्छ, यो अर्को वर्ष हुन सक्छ, यो आजबाट दश वर्ष पछि हुन पनि सक्छ । हामीलाई थाहा छैन ।

हामीलाई थाहा छ उहाँ आउनुहुनेछ । हामीले हेरिरहनै पर्दछ । हामी तयार हुनै पर्दछ । हामी उहाँ आउञ्जेल सम्म पर्खन सक्दैनौ । तब यो धेरै ढिलो भइसकेको हुनेछ ।

हामी कसरी तयार हुन सक्छौ ? हामी येशूमा विश्वास गर्दछौ । उहाँले हाम्रो विश्वासलाई बलियो बनाउनुहुन्छ । यो उहाँले परमेश्वरको वचनद्धारा गर्नुहुनेछ । तब येशूमा हाम्रो विश्वास मजबुत हुनेछ । हामी येशूलाई हाम्रा अपराध क्षमा गर्नको लागि परमेश्वरलाई प्रार्थना गर्दछौ । हामी स्वच्छ जीवन जिउँदछौ । यी हेरिरहन र तयार हुनको लागि बाटोहरु हुन् । येशू फेरी आउनुहुनेछ । के तपाई तयार हुनुहुन्छ । तपाई हुनसक्नु हुन्छ ।

**प्रश्नहरुको उत्तरहरु लेख्नुहोस् ।**

१. येशूले भन्नुभयो "त्यहाँ मेरो आगमनका चिन्हहरु हुनेछन्" ती केही चिन्हहरु के हुन् ?
   क.
   ख.
   ग.
२. येशू फेरि कहिले आउनुहुन्छ भन्ने कसलाई थाहा छैन् ?
   क.
   ख.
   ग.
३. येशू फेरि आउनुहुन्छ भनेर कसलाई थाहा छ? ...................................................।
४. कसरी हामी येशूको आगमनलाई हेरिरहन र तयार हुन सक्छौ ?
   क.
   ख.
   ग.
   घ.
५. के तपाई येशूको लागि तयार हुनुहुन्छ, जब उहाँ फेरि आउनुहुन्छ ? ...........................।



## * येशूको लागि प्रेमको उपहार

यो विश्राम दिनको बुधबार थियो । येशू एक जना मित्रको घरमा हुनुहुन्थ्यो । उहाँको मित्र जसलाई सिमोन भनिन्थ्यो । येशू उहाँको मित्र र चेलाहरु भोजनमा हुनुहुन्थ्यो । एउटा स्त्री कोठामा आउँछे । उनको हातमा एउटा भाँडो छ । त्यस भाँडोमा धेरै महंगो सुगन्धित तेल राखिएको छ । उनले त्यसको बिर्को खोलिन् । उनीले त्यो सुगन्धित तेल येशूको शिरमा खन्याईन् । केही मानिसहरुले यो देखे । तिनीहरुले सोधे किन सुगन्धित तेल खेर फालेको ? यसको मोल एक वर्षको खर्च धान्न सक्छ । तिनीहरुले भने यो तेल बेच्न सकिन्थ्यो । त्यो पैसा गरीबहरुलाई दिन सकिन्थ्यो । येशूले भन्नुभयो "तिनलाई एक्लै छोडिदेउ । तिनले सुन्दर कुरा गरिरहेकी छिन् । त्यहाँ गरीबहरु सधै हुनेछन् तिमीहरु तिनीहरुलाई जतिबेला पनि सहयोग गर्न सक्छौ । तर तिमीहरुले मलाई सधै देख्ने छैनौ ।" येशूलाई थाहा थियो शरीरमा सुगन्धित तेल राखिन्छ । "तिनले मेरो दफनको लागि मलाई तयार गरेकि छिन ।" येशूले भन्नुभयो । येशू त्यो स्त्रीको उपहारको लागि खुशी हुनुहुन्छ । उहाँले भन्नुभयो तिनले जे गरेकि छिन् तिनको सम्झनाको लागि सो कार्यको वर्णन गरिनेछ । हामी हाम्रो परिवार र मित्रहरुलाई माया गर्दछौ । हामी सित भएका थोकलाई हामी माया गर्दछौं । तर हामीले येशूलाई सबैभन्दा बढी माया गर्नु पर्दछ । हामीले उहाँलाई हाम्रो परिवार भन्दा बढी माया गर्नु पर्दछ । हामीले उहाँलाई हाम्रो मित्रहरु भन्दा बढी माया गर्नु पर्दछ । हामीले उहाँलाई सबै चिज भन्दा बढी माया गर्नुपर्दछ । जब हामी येशूलाई माया गर्दछौं, हामी उहाँलाई उपहार दिन्छौं । हामी उहाँको सेवा गर्दछौं । हामी उहाँको बारेमा अरुलाई भन्न सक्छौं ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

१. येशू ...................... घरमा हुनुहुन्छ ।
२. येशू उहाँका ................... र .................... सित भोजनमा हुनुहुन्छ ।
३. एउटा स्त्री सित एउटा भाँडोमा धेरै मोल पर्ने .......................थियो ।
४. ती स्त्रीले येशूको .............मा सुगन्धित तेल खन्याईन् ।
५. मानिसहरुले सोधे किन सुगन्धित तेल ............... फालेको ?

**हो वा होइन मुनि धर्को तान्नुहोस् ।**

६. सुगन्धित तेलले महिनाको खर्च धान्न सक्थ्यो । हो/होइन
७. येशूले भन्नुभयो "तिनले उत्तम कुरा गरेकि छिन ।" हो/होइन
८. हामी सित गरीबहरु सधै हुनेछन् । हो/होइन

उत्तर लेख्नुहोस ।

९. हामी के उत्तम कुरा येशूको लागि दिन सक्छौ ?
..................................................................।
१०. कसरी यो स्त्रीले येशूलाई उहाँको दफनको लागि तयार गरिन् ?
........................................................................................ ।




## * प्रभु-भोज

यहूदी मानिसहरुको विशेष भोजन हुन्छ । तिनीहरुले यो वर्षमा एक पटक खान्छन् । यसलाई निस्तारको भोज भनिन्छ । येशूले यो भोज चेलाहरुसित खानुभयो । उहाँले यरुशलेमामा एउटा कोठा भित्र यो भोज खानुभयो । यो विश्राम दिनको बिहिबार थियो । येशूलाई थाहा थियो उहाँ चाँडै नै मर्दै हुनुहुन्छ । उहाँले यो भोजन अन्तिम समयको लागि खानुभयो । उहाँका चेलाहरुले उहाँलाई सम्भिरहेको उहाँ चाहनुहुन्थ्यो । उहाँले तिनीहरु र हामी इसाईहरुलाई विशेष भोज दिनुभयो । यसलाई प्रभुभोज भनिन्छ । निस्तार चाडको भोजमा येशूले अखमिरी रोटी लिनुभयो । उहाँले रोटी भाच्नुभयो । उहाँले यसको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो । तब उहाँले प्रत्येक चेलालाई रोटी दिनुभयो । उहाँले भन्नुभयो “यो लेउ, यो मेरो शरिर हो ।”
तब उहाँले दाखमद्यको कचौरा लिनुभयो । उहाँले परमेश्वरलाई यसको लागि धन्यवाद दिनुभयो । उहाँले यो कचौरा चेलाहरुलाई दिनुभयो । सबैले यस कचौरा बाट पिए । येशूले भन्नुभयो “यो मेरो शरिर हो ।” येशूको रगत पापको क्षमाको निम्ति बगेको हो । जब येशू क्रूसमा मर्नुभयो । उहाँको रगत बग्यो । उहाँले यो हामी सबैको लागि गर्नुभयो । हामी पाप गर्दछौ । पापले हामीलाई परमेश्वरबाट अलग गर्दछ । अब हाम्रा पापहरु येशूको क्रूसमा भएको मृत्युद्धारा क्षमा गरिएका छन् । आज हामी येशूले हाम्रो लागि गर्नुभएको कुरा सम्भन चाहन्छौ । इसाईहरुको विशेष भोज छ । हामी प्रभुभोजमा रोटी खान्छौ र दाखमद्य पिउँछौ । यस भोजलाई पवित्र भोज पनि भनिन्छ ।
पवित्र भोजमा हामी रोटीद्धारा येशूको शरीर प्राप्त गर्दछौ । दाखमद्यद्धारा हामी येशूको रगत प्राप्त गर्दछौ । जब हामी प्रभुभोजमा जान्छौ, हामी प्रभुको मृत्युलाई सम्भना गर्दछौ । यसले हामीलाई हाम्रा पापको क्षमा दिन्छ । यसले हाम्रो विश्वासलाई बलियो बनाउँछ ।
इसाईहरुले प्रभुभोजमा भाग लिनु पर्दछ ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस ।**

१. ............ हरुको .............. भोज हुन्छ ।
२. यो विशेष भोज वर्षमा ............ पटक खाईन्छ ।
३. यो विशेष भोजको नाम ................. हो ।
४. येशू उहाँका चेलाहरुले उहाँलाई .................. गरेको चाहनुहुन्छ ।
५. येशूले चेलाहरुलाई दिनु भएको विशेष भोज ....................... हो ।
६. यसलाई ................ पनि भनिन्छ ।
७. जब येशूले रोटी र दाखमद्य लिनुभयो । उहाँले यसको लागि परमेश्वरलाई ............ दिनुभयो ।
८.सबै चेलाहरुले रोटी .............. र कचौरा बाट ................ ।
९. पवित्र भोजमा हामी रोटीद्धारा येशूको ................ प्राप्त गर्दछौ ।
१०. पवित्र भोजमा हामी दाखमद्यद्धारा येशूको .......... प्राप्त गर्दछौ ।
११. प्रभुभोजमा हामी येशूले हाम्रो लागि जे गर्नुभयो सो ............. गर्दछौ ।



## * येशूले परमेश्वरको इच्छा पूरा गर्नुभयो

प्रभुभोज समाप्त भयो । येशू र चेलाहरु शहर तिर जान्छन् । तिनीहरु गेतसमनीको बगैंचामा जान्छन् । येशू गेतसमनीमा प्रार्थनाको लागि जानुहुन्छ । उहाँले उहाँको तीनजना विशेष चेलाहरुलाई बगैंचामा लैजानुहुन्छ । तिनीहरु पत्रुस, याकूब र यूहन्ना हुन् । उहाँले तिनीहरुलाई जागा रहन र प्रार्थना गर्न भन्नुभयो । तब येशूले प्रार्थना गर्नुभयो । उहाँले परमेश्वर पिता सित भन्नुभयो “यो कष्ट मबाट लैजानुहोस तर मेरो होइन तपाईको इच्छा पुरा होस ।” येशू चेलाहरुकहाँ आउनुभयो । तिनीहरु सुतिरहेका छन् । यसले येशूलाई दुखित बनायो र एक्लै महसुस गर्नुभयो ।

फेरि येशू प्रार्थनामा जानुभयो । उहाँले त्यही प्रार्थना गर्नुभयो । उहाँले भन्नुभयो “पिता तपाई जे चाहनुहुन्छ म त्यही चाहन्छु” । उहाँले परमेश्वरको ईच्छा स्वीकार गर्नुभयो । येशू फेरि चेलाहरु कहाँ जानुभयो, तिनीहरु निदाईरहेका छन् । येशू तेस्रो पटक प्रार्थनामा जानुभयो । परमेश्वर पिताले येशूलाई शक्तिदिनुभयो । उहाँले येशूको कष्टहरु हटाईदिनु भएन् तर उहाँले कष्टहरु सहनलाई येशूलाई शक्ति दिनुभयो ।


हामी परमेश्वरलाई प्रार्थना गर्न सक्छौ । परमेश्वर हामीलाई प्रार्थना गर्न सक्नुहुन्छ । उहाँ सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ । उहाँले सधैं हामीले चाहेको जस्तै तरिकाले प्रार्थनाको उत्तर दिनुहुन्न् । परमेश्वर हाम्रो लागि के असल छ जान्नुहुन्छ । कुनै बेला परमेश्वरले हामीलाई मागेको कुरा दिनुहुन्छ । अर्को बेला उहाँले हामीलाई पर्ख र हुँदैन् भन्नुहुन्छ । हामीले परमेश्वरको इच्छा स्वीकार गर्नुपर्दछ । हाम्रो लागि के असल छ परमेश्वर जान्नुहुन्छ । हामीलाई थाहा छ परमेश्वर हामीलाई प्रेम गर्नुहुन्छ ।

**प्रश्नहरुको जवाफ लेल्नुहोस ।**

१. येशू ............... को बगैंचामा जानुभयो ।
२. येशू गेतसमनीको बगैंचामा ................ लागि जानुभयो ।
३. येशूले प्रार्थना गर्नुभयो मेरो ............. होइन तर ............... पूराहोस् ।
४. येशूले उहाँको पिताको ............. स्वीकार गर्नुभयो ।

**उत्तर लेख्नुहोस् ।**

५. परमेश्वरको इच्छा अनुसार गर्नु सजिलो छ ........................................।
६. हामी कहिलेकाँही कष्ट भोग्दछौ ? ......................................................।
७. किन भोग्दैनौ ? .....................................।
८. परमेश्वरले हाम्रा सबै प्रार्थनाहरुको उत्तर दिनुहुन्छ ? ..............................।
९. तपाईको प्रार्थनाको परमेश्वरले दिने तिनवटा जवाफहरु के के हुन् ?
क.
ख.
ग.



# *येशूलाई धोका दिईएयो

येशू गेतसमनीको बगैंचामा हुनुहुन्थ्यो । एकजना चेला उहाँसित थिएन् । उसको नाम यहूदा इस्करियोत थियो । यहूदा धेरै मानिसहरु सहित आयो । तिनीहरु येशूका शत्रुहरु थिए । तिनीहरु तरवार र भाला सहित आए । तिनीहरु येशूलाई पक्रन चाहन्थे । यहूदाले तिनीहरुलाई भन्यो "म जसलाई चुम्बन गर्दछु त्यही येशू हुनुहुन्छ ।" यहूदा येशूकहाँ आयो । यहूदाले येशूलाई चुम्बन गऱ्यो । यहूदा येशूको चेला थियो । तर उसले येशूलाई धोका दियो । येशूलाई सिपाहीहरुले लगे । तिनीहरुले उहाँलाई कैदी बनाए । तिनीहरुले येशूलाई सोधपूछको लागि राखे ।

आज धेरै मानिसहरु येशूलाई धोका दिन्छन् । इसाईहरु पनि येशूलाई धोका दिन्छन् । कसरी हामी यो गर्दछौं । जब हामी पाप गर्दछौ हामी येशूलाई धोका दिन्छौ । जब हामी येशूको बारेमा अरुलाई बताउदैनौ, हामी उहाँलाई धोका दिन्छौं । येशू हामीलाई प्रेम गर्नुहुन्छ । उहाँले गेतसमनीको बगैंचामा हाम्रो लागि कष्ट भोग्नुभयो । उहाँ हाम्रो लागि मर्नुभयो । त्यसले हामीलाई उहाँको महान प्रेम देखाउँदछ ।

हामी येशूलाई प्रेम गर्नुपर्दछ । हामी जे बोल्दछौं हामी उहाँलाई प्रेम गर्दछौं भन्ने देखाउँदछौं । हामी जे गर्दछौं हामी उहाँलाई प्रेम गर्दछौं भन्ने देखाउँदछौं ।

चेलाहरु गेतसमनीको बगैंचामा निदाए । जब येशूलाई पकाउ गरियो, तिनीहरु सबै भागे । चेलाहरु मध्ये एक यहूदाले येशूलाई धोका दियो । हामी नभागौं । हामी येशूमा प्रार्थना गरौं । हामी उहाँमा हाम्रो बोली र कामद्धारा सामना गरौं ।

**प्रश्नहरुको जवाफ दिनुहोस ।**

१. कुन चेला येशू सित थिएन्? ...................................................... ।
२. यहूदाले येशूलाई पक्राईदिन के गऱ्यो ? ..........................................।
३. कसैले धोका दिनुको मतलव के हो ? .......................................... ।
४. हामी कसरी येशूलाई धोका दिन्छौं , ..............................................।
५. येशूले हाम्रो लागि उहाँको प्रेम कसरी देखाउनु भयो ? ........................................ ।
६. हामी कसरी येशूलाई हाम्रो प्रेम देखाउन सक्छौं ? ..............................................।

**हो वा होइन मुनि धर्को तान्नुहोस् ।**

७. यहूदाले येशूलाई धोका दियो । हो/होइन
८. इसाईहरु येशूलाई धोकादिन सक्छन् ? हो/होइन
९. जब हामी पाप गर्दछौ, हामी येशूलाई धोका दिन्छौं । हो/होइन
१०. के तपाईले येशूलाई धोका दिनु भएको छ । हो/होइन



## * येशू इन्कार गरिनुभयो

येशू यहूदाद्धारा पकाउ गरिनुभयो । येशूका शत्रुहरुले उहाँलाई टाढा लगे । येशू सोधपूछको लागि लगिनुभयो । पत्रुस येशूको अर्को चेला थियो । येशूलाई के भइरहेको छ भनेर पत्रुस जान्न चाहन्थ्यो । उ प्रधानपूजाहारी रहने ठाउँको आँगनमा गयो । येशूलाई प्रधानपूजाहारी कहाँ लगेर सोधपूछ गरिदै थियो । यो चिसोको समय थियो । पत्रुस आगो नजिकै बसेर न्यानो गराई रहेको थियो । एउटी नोकर्नी केटीले भनिन् " तपाई पनि येशू सँगै हुनुहुन्थ्यो" । पत्रुसले यो इन्कार गरे । उसले भन्यो "तिमी केको बारेमा कुरा गर्दैछौ मलाई थाहा छैन ।" तब उ उठेर हिड्यो । पत्रुस ढोका नजीकै उभियो । फेरि त्यो नोकर्नी केटीले भनिन् "यो मानिस येशूका चेलाहरु मध्य एक हुन ।" पत्रुसले इन्कार गऱ्यो । उसले येशूलाई चिनेको छैन् भन्यो । पछि केही मानिसहरुले भने "तिमी चेला हो, बाटोमा तिमीले हामीलाई भनेका थियौ कि तिमी गालीली हौ"पत्रुस धिक्कार्दै सपथ खाँदै भन्न लागे "म त्यो मानिसलाई चिन्दैचिन्दन् ।" भाले बास्यो । येशूले उसलाई जे भन्नुभएको थियो, पत्रुसलाई सम्झना भयो "भाले बास्न भन्दा अघि तिमीले मलाई तीन पटक इन्कार गर्नेछौ । पत्रुस रुन थाल्यो ।

हामी पनि येशूलाई इन्कार गर्दछौं । जब हामी सराप्दछौं, हामी येशूलाई इन्कार गर्दछौं । जब हामी सपथ खान्छौं हामी येशूलाई इन्कार गर्दछौं । हामी परमेश्वरको नाउँको दुरुपयोग गर्दछौं । जब हामी उहाँलाई चिन्दैनौ भन्ने बहाना गर्दछौं, हामी परमेश्वरको नाउँको दुरुपयोग गर्दछौं । हामी परमेश्वरलाई हामीलाई क्षमा दिनको लागि भनौ । हामी परमेश्वरको नाउँ प्रार्थना गर्नमा प्रयोग गरौ र प्रशंसा गर्नमा प्रयोग गरौ । हामी उहाँले गर्नुभएको असल कुराहरुको लागि बिचार गरौ ।

**प्रश्नहरुको जवाफ दिनुहोस् ।**

१. पत्रुस प्रधानपूजाहारीको .................. मा थियो ।
२. नोकर्नी केटीले भनिन् "तपाई .................. सित हुनुहुन्थयो"
३. पत्रुसले जवाफ दियो "मलाई थाहा छैन, तिमी ................ बारेमा .............. गर्दैछौ ।
४. पत्रुसले येशूलाई ........................ ।
५. पत्रुस .................... र ................. भन्न थाल्यो कि उ येशूलाई चिन्दैन ।
६. सराप्नु र सपथ खानु ................... हो ।
७. येशूले हामीलाई भन्नुभयो "परमेश्वरको नाउँको ................. नगर"
८. जब हामी पाप गर्दछौ हामी परमेश्वरलाई ................. लागि माग्नु पर्दछ ।

**उत्तर दिनुहोस् ।**

९. तीनप्रकारले कसरी हामी परमेशवरको नाम प्रयोग गर्न सक्छौ लेख्नुहोस् ।
क.
ख.
ग.




# * येशू न्यायलयमा

यो पवित्र सप्ताहको शुक्रबारको बिहान हो । येशूका शत्रुहरुले येशूलाई रोमीहरुको न्यायालयमा लगे । पन्यिस पिलातुस चाहिँ प्रान्तको हाकिम थियो । येशू पिलातुसको अघि उभिनुभयो । हाकिमले येशूलाई धेरै प्रश्नहरु सोध्यो । पिलातुसलाई थाहा थियो कि येशू निर्दोष हुनुहुन्छ । उ येशूलाई छोडिदिन चाहन्थ्यो । उसले मानिसहरुलाई दुइजना मध्ये एकलाई चुन्न भन्यो । पिलातुस एक जनालाई छोडिदिन सक्थ्यो । ती मध्ये एउटा येशू हुनुहुन्थ्यो । अर्को ज्यानमारा अपराधी थियो । पिलातुसले आशा गरेको थियो कि मानिसहरुले येशूलाई छान्ने छन् । तर येशूका शत्रुहरुले ज्यानमारालाई छाने । "उहाँलाई क्रूसमा झुण्डयाउ येशूलाई म के गरु ?" पिलातुसले सोध्यो । भीडहरुले चिच्च्याए । उहाँलाई क्रूसमा झुण्डयाउ । पिलातुस येशूको जीवन बचाउन सक्दथ्यो । पिलातुस भीडलाई खुशी पार्न सक्दथ्यो । यसैले पिलातुसले येशूलाई क्रूसमा झुण्डयाउन सिपाहीहरुलाई अनुमति दियो । सिपाहीहरुले येशूलाई पिटे । तिनीहरुले उहाँको शिरमा काँढाको मुकुट लगाइदिए । तिनीहरुले उहाँलाई गिल्ला गरे । तब तिनीहरुले येशूलाई क्रूसमा झुण्डयाउनको लागि लगे । येशू सोधपूछको समयमा पिलातुसको अघि कष्ट भोग्दैहुनुहुथ्यो । तपाईलाई थाहा छ किन होला ? उहाँले तपाईको लागि कष्ट भोग्नुभयो । उहाँले कष्ट भोग्नुभयो किनकि उहाँ तपाईलाई माया गर्नुहुन्छ । उहाँले तपाईको ठाउँमा कष्ट भोग्नुभयो । उहाँले कष्ट भोग्नुभयो ताकि तपाईका पापहरुको क्षमा गरियोस् । उहाँले कष्ट भोग्नुभयो ताकि तपाई स्वर्गमा जान सक्नु भएको होस् ।

स्वर्ग सुन्दर ठाउँ हो । स्वर्गमा तपाई येशूसित हुनुहुनेछ । स्वर्गमा त्यहाँ कुनै कष्ट हुनेछैन् । स्वर्ग एउटा आनन्दित ठाउँ हो । येशूले तपाईको लागि गर्नुभएका सबै कुराहरुको लागि येशूलाई धन्यवाद दिनुहोस् ।

**प्रश्नहरुको जवाफ लेख्नुहोस् ।**

१. शासकको नाम के थियो ? ..................................................।
२. पिलातुसलाई येशू ........................... भनेर थाहा थियो ।
३. मानिसहरुले येशूको सट्टामा ........................ लाई चुने ।
४. भीडले पिलातुलाई येशूलाई ................ ................... मागे ।
५. सिपाहीहरुले येशूको शिरमा ................ ..................... राखे ।
६. किन येशूले तपाईको लागि यति धेरै कष्ट सहनु भयो ? ......................................... ।
७. किनकि येशूले कष्ट भोग्नुभयो ताकि हामी ...................... जान सकौ ।
८. स्वर्गमा त्यहाँ .................... छैन् ।
९. स्वर्गमा हामी ................. सित हुनेछौ ।
१०. हामी येशूलाई उहाँले हाम्रो लागि गर्नुभएका कुराहरुको लागि ............... दिऔ ।




## * येशू सबै मानिसहरुको लागि मर्नुभयो

पिलातुसले भने येशूलाई क्रूसमा झुण्डाइनेछ । सिपाहीहरुले येशूलाई यरुशलेम बाहिरको डाँडामा लगे । तिनीहरुले उहाँलाई आफ्नो क्रूस बोक्न लगाए । क्रूस भारी थियो । येशू लोट्नुभयो । सिपाहीहरुले सिमोन नाउँको मानिसलाई क्रूस बोक्न लगाए । तिनीहरुले येशूलाई कलवरी भन्ने डाँडामा लगे । यसलाई गलगथा पनि भनिन्छ । तिनीहरुले येशूलाई शुक्रबार नौ बजे बिहान क्रूसमा चढाए । दुइजना अरु मानिसहरुलाई येशू सितै क्रूसमा चढाईयो । तिनीहरु डाँकूहरु थिए । सिपाहीहरुले येशूको शिर माथि लेखेर राखे । तिनीहरुले नासरतको येशू यहूदीहरुको राजा हो भन्ने लेखे । मानिसहरु उहाँमा हाँसे । शासकहरुले भने “आफैलाई बचाउ, क्रूसबाट ओर्लेर आउनुहोस् ।” दिउँसो बाह्र बजे अन्धकार भयो येशू क्रूसमा हुँदाँ सात पटक बोल्नुभयो । अब उहाँले भन्नुभयो “हे मेरा परमेश्वर, हे मेरा परमेश्वर तपाईले मलाई किन त्याग्नुभयो ।” येशूले सबै मानवको सबै पापहरुको लागि कष्ट भोग्नुभयो । उहाँ तपाईको लागि कष्ट भोग्नुभयो । येशूले प्राण त्याग्नुभन्दा पहिले तीन बजे दिउँसो उहाँले भन्नुभयो “समाप्त भयो ।” येशू संसारमा गर्न आउनुभएको काम समाप्त गर्नुभयो । उहाँले पापी मानवलाई स्वतन्त्रता दिनुभयो । उहाँले हामीलाई उहाँको पवित्र बहुमुल्य रगतले स्वतन्त्रता दिनुभयो । उहाँको रगत बहुमुल्य छ किनकि यो परमेश्वरको पुत्रको रगत हो । रोमी सिपाहीहरुले भने “साँच्चै उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ ।” अब तपाई परमेश्वरको छोराछोरी हुनसक्नुहुन्छ । परमेश्वरको पुत्र येशूमा तपाईको उद्धारकर्ताको रुपमा विश्वास गरेर तपाई उहाँको बालक हुनुहुन्छ ।

**प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

१. येशू कहाँ क्रूसमा झुण्डयाईनु भयो ? .....................................।
२. येशूसित को क्रूसमा झुण्डयाईए ? ............................................।
३. येशू .....................बिहान क्रूसमा झुण्डाईए ?
४. दिउँसो .........बजे त्यहाँ धेरै अन्धकार भयो ?
५. येशूले मध्यान्ह .............बजे प्राण त्याग्नुभयो ।
६. येशू किन मर्नुभयो ? .................लाई बचाउन ।
७. येशूले .................. ................... स्वतन्त्र पार्नुभयो ।
८. येशू ...............को ........हुनुहुन्छ ।
९. येशू तपाईको ................. हुनुहुन्छ ।
१०. येशूमा विश्वासद्वारा म ................ को .................हुँ ।



# * येशू चिहानमा राखिनुभयो

जब येशूले प्राण त्याग्नुभयो, यो शुक्रबारको दिन थियो । येशू हाम्रा पापको लागि क्रूसमा मर्नुभयो । त्यहाँ दुइजना मानिसहरु थिए जो येशूलाई प्रेम गर्दथे । एउटा योसेफ र अर्को चाहिँ निकोदेमस थियो । तिनीहरु पिलातुसकहाँ गए । तिनीहरुले पिलातुससित येशूको पार्थिव शरीर मागे । पिलातुस येशूको मृत्युको बारेमा सुनेर अचम्ममा पऱ्यो । सिपाहीहरुले उसलाई भने कि येशू मृत हुनुहुन्छ । पिलातुसले योसेफलाई भने "तपाई येशूको पार्थिव शरीर लैजान सक्नुहुन्छ । तपाई त्यसलाई चिहानमा राख्न सक्नुहुन्छ ।" योसेफ र निकोदेमसले केही सुगन्धित मसलाहरु किने । तिनीहरुले येशूको शरीरलाई लुगाले बेह्रे । गलगथा नजीकै एउटा बगैंचा थियो । त्यो बगैंचामा योसेफको नयाँ चिहान थियो । त्यसमा कसैलाई पनि राखिएको थिएन । यो त्यही ठाउँ थियो जहाँ तिनीहरुले येशूलाई राखे । तिनीहरुले ठूलो ढुङ्गाले चिहानको मुखमा बन्द गरे । केही स्त्रीहरुले हेरिरहेका थिए कि दुइजना मानिसहरुले येशूलाई गाड्दै थिए । तिनीहरु येशूको शरीरको लागि बढी सुगन्धित मसलाहरु राख्न चाहन्थे । अर्को दिन शनिबार विश्रामको दिन थियो । तिनीहरु आईतबार बिहान सम्म आउन सक्दैन्थे । येशू चिहानमा हुनुहुन्थ्यो । एकदिन हामी पनि मर्नेछौं । हामी पापको कारणले मर्ने नै छौ । बाइबलले हामीलाई बताउँदछ "पापको ज्याला मृत्यु हो ।" हाम्रो आत्मा पनि छ । हाम्रो शरीर चिहानमा राखिनेछ । तर हाम्रो आत्मा जीवित छ । येशूमा विश्वासद्धारा हाम्रो आत्मा स्वर्गमा जीवित रहने छ । त्यहाँ हामी येशूसित हुनेछौ ।

**प्रश्नहरुको जवाफ लेख्नुहोस् ।**

१. कुन दिन येशूले प्राण त्याग्नुभयो ? ..........................................।
२. ती दुइ जना मानिसहरु को को थिए, जसले येशूलाई चिहानमा राखे ? ..............................।
३. ती दुइ जना मानिसहरुलाई कसले हेरिरहेको थियो ? ...............................................।
४. ती स्त्रीहरुको के गर्ने योजना थियो ? .................................................................।
५. तिनीहरुले यो कहिले गर्ने योजना गरे ? ..................................................।
६. हामी किन मर्नै पर्दछ ? ........................................................................।
७. हाम्रो शरीर र ..........................छ ।
८. हामी मरेपछि हाम्रो आत्मा अझै जीवित रहन्छ । हो/होइन
९. विश्वासीहरुको आत्मा कहाँ जानेछ ? .................................................. ।
१०. स्वर्गमा हामी ..................... सित हुनेछौ ।



## * येशू आज पनि जीवित हुनुहुन्छ

येशूको शरीर शुक्रबारका दिन चिहानमा राखियो । आईतबारको बिहान केही ज्यादै आश्चर्य लाग्दो घटना भयो । पृथ्वीमा कम्पन भयो । स्वर्गदूत स्वर्गबाट ओर्लेर तल आए । स्वर्गदूतले चिहानको मुखको ढुङ्गा गुडाईदिए । चिहान खाली थियो । येशू चिहानमा हुनुहुन्नथ्यो । उहाँ मृत्यूबाट बौरीउठ्नु भएको थियो । उहाँ जीवित हुनुहुन्थ्यो ।

तर ती स्त्रीहरुले यो थाहा पाएनन् । तिनीहरु येशूको शरीरमा अझै सुगन्धित मसला राख्न चाहन्थे । यो आईतबार बिहान सबेरै थियो । ती स्त्रीहरु चिहानमा गए । तिनीहरुले भने "चिहानको मुखबाट हाम्रो लागि कसले ढुङ्गा गुडाईदेला ?" जब तिनीहरु नजीक आए र हेरे तिनीहरु अचम्म भए । त्यो ढुङ्गा गुडाईएको थियो । तिनीहरु चिहान भित्र दगुरे । चिहान नजीकै एक जना जवान मानिस बसिरहेको थियो । उसको लुगा धेरै सेतो थियो । उ स्वर्गदूत थियो । ती स्त्रीहरु डराए ।

"नडराओ" स्वर्गदूतले भन्यो । "तिमीहरु येशूलाई खोज्दैछौ ? उहाँ यहाँ हुनुहुन्न । उहाँ बौरी उठ्नु भएको छ । उहाँ जीवित हुनुहुन्छ । आओ र उहाँलाई राखिएको ठाँउ हेर । जाओ र उहाँका चेलाहरुलाई जे भएको छ भन"

येशू मृत्युबाट बौरी उठ्नुभएको कारणले हामीहरु पनि बौरी उठ्नेछौ । हाम्रा शरीरहरु चिहानमा राखिनेछन् । न्यायको दिनमा ति बौरी उठ्नेछन् । तब हामीले येशूमा विश्वास गरेका कारणले हाम्रो आत्मा र शरीर दुबै स्वर्गमा जानेछन् । अब हामी मृत्युसित डराउँदैनौ । येशूले हामीलाई भन्नुभयो "किनभने म जीवित छु र तिमीहरु पनि जीवित हुनेछौ । एउटा इसाई खुशी छ । उ स्वर्गमा जानेछ । उ येशूसित हुनेछ ।

येशू परमेश्वरको पुत्र आज जीवित हुनुहुन्छ । यो सु समाचार हो । हामी जीवित उद्धारकर्तालाई आराधना गर्दछौ । यो हामी इस्टरमा मनाउँदछौ । हामी मनाउँदछौ किनभने हामी खुशी छौ । येशू आज जीवित हुनुहुन्छ ।

**प्रश्नहरुको जवाफ लेख्नुहोस् ।**

१. येशूले पहिलो इस्टरको बिहान के गर्नुभयो ? ........................................... ।
२. चिहान...................... थियो ।
३. के सन्देश ती स्त्रीहरुले चेलाहरुलाई भनेको स्वर्गदूत चाहन्थ्यो ? ............................. ।
४. किनभने येशू मृत्युबाट बौरी उठ्नुभएको छ हामी पनि ...........................छौ ।
५. हाम्रा शरीरहरु ....................को दिनमा बौरी उठ्नेछन् ।
६. जब हामी स्वर्गमा जानेछौ, हामी .................. सित हुनेछौ ।

**हो वा होइन मुनी धर्को तान्नुहोस् ।**

७. येशू मृत्युबाट बौरी उठ्नुभयो भन्ने सन्देश असल समाचार हो? हो/होइन
८. हामी मृत येशूलाई आराधना गर्दछौ । हो/होइन
९. हामी इस्टरमा येशूको जन्मदिन मनाउँदछौ । हो/होइन
१० येशू आज जीवित हुनुहुन्छ ? हो/होइन



## * येशू हामीले उहाको बारेमा अरुलाई भनेको चाहनुहुन्छ

येशू जीवित हुनुहुन्छ । उहाँ यस पृथ्वीमा चालीस दिन अरु बस्नुभयो । उहाँले चेलाहरुकहाँ आफैलाई जीवित देखाउनुभयो । उहाँ जीवित हुनुहुन्छ भन्ने कुरामा तिनीहरु निश्चित भएको उहाँ चाहनुहुन्थ्यो । उहाँले तिनीहरुलाई उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने देखाउनुभयो । उहाँ तिनीहरुका पापहरुको लागि मर्न आउनुभएको हो भन्ने तिनीहरुलाई देखाउनुभयो ।
येशू चाँडै नै स्वर्गमा उचालिदै हुनुहुन्थ्यो । उहाँले उहाँका चेलाहरुलाई अरु मानिसहरुलाई उहाँको बारेमा सिकाउन भन्नुभयो । उहाँले भन्नुभयो "जाओ सबै मानिसहरुलाई चेलाहरु बनाओ । तिनीहरुलाई पिता, पुत्र र पवित्रआत्मा को नाउँमा बप्तिस्मा देउ । मैले तिमीहरुलाई गर्न सिकाएका सबै कुराहरु गर्न सिकाओ ।"
मृत्युबाट पुनरुत्थान भएको चालीस दिनपछि येशू स्वर्गमा उचालिनुभयो । तब चेलाहरु सिकाउन र प्रचार गर्न निस्के । तिनीहरुले येशूको बारेमा सु समाचार सुनाए । तिनीहरुले येशू सबै मानिसहरुका पापहरुको लागि मर्नुभयो भने । तिनीहरुले कसरी येशू मृत्युबाट बौरी उठ्नुभयो, त्यो मानिसहरुलाई भने । तिनीहरुले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने प्रचार गरे । तिनीहरुले येशू सबै मानव जातिको उद्धारकर्ता हुनुहुन्छ भन्ने सिकाए ।
तपाईले येशूको बारेमा सिक्नुभएको छ । उहाँ तपाईको उद्धारकर्ता हुनुहुन्छ । तपाईका पापहरु क्षमा गरिएका छन् । तपाई स्वर्ग जान सक्नुहुन्छ । अब तपाईले उहाँको सु समाचार बाड्नुपर्दछ । येशूले जे गर्नुभएको छ त्यसको बारेमा अरुलाई बताउनुहोस् । तिनीहरुलाई परमेश्वरको वचन अध्ययन गर्न निम्ताउनुहोस् । तिनीहरुलाई आराधनामा ल्याउनुहोस् ।
मानिसहरुले तपाई जे भन्नुहुन्छ, सुन्दछन् । मानिसहरुले तपाई जे गर्नुहुन्छ, हेर्दछन् । तिनीहरुले तपाई इसाई हुनुहुन्छ भन्ने सुन्न र देख्न सकून । मानिसहरुलाई तपाई येशू तपाईको उद्धारकर्तामा विश्वास गर्नुहुन्छ भन्ने हेर्न दिनुहोस् ।

**प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. इस्टर पछि येशू कति लामो समय पृथ्वीमा रहनुभयो ? ........................................... ।
२. येशू उहाँका चेलाहरु उहाँ .................. हुनुहुन्छ भन्ने कुरामा निश्चित भएको चाहानुहुन्थ्यो ।
३. येशूले चेलाहरुलाई उहाँको बारेमा अरुलाई .................. भन्नुभयो ।
४. चालीस दिन पछि येशू स्वर्गमा ...............भयो ।
५. चेलाहरुले येशूको बारेमा .............समाचार भने ।

**हो वा होइन मुनि धर्को तान्नुहोस् ।**

६. तपाईले येशू तपाईको उद्धारकर्ता हुनुहुन्छ भन्ने थाहा पाउनुभयो । हो/होइन
७. तपाईले अरुलाई येशूको बारेमा बताउनु पर्दछ । हो/होइन
८. अरुलाई येशूको बारेमा बताउनु सजिलो छ । हो/होइन
९. हामी अरुलाई येशूको बारेमा बताउन डराउनु पर्दछ । हो/होइन
१०. मानिसहरुले हामी इसाई हौ भन्ने कुरा हेर्न र सुन्न सक्छौ । हो/होइन

Multi-Language Productions
Bringing the Word to the World

Lessons from the Gospel of Mark Nepali
MLP Catalog Number: 383395